जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं ।

चाडपर्वमा अनावश्यक खर्च नगरौं ।

मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १६२ • २०८० साल कार्तिक १९ गते आइतबार (5 November, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

कांग्रेस र कम्युनिष्टका कारण देश दुर्घटनातर्फ जाँदै : उपेन्द्र यादव

टुडे समाचारदाता

गौर । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाली कांग्रेस र कम्युनिष्टका कारण देश दिनप्रतिदिन दुर्घटनातर्फ धकेलिँदै गएको बताएका छन् ।

जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले शनिबार जिल्लाको देवाही गोनाही नगरपालिकाको गोनाही बजारमा आयोजना गरेको बृहत्त पार्टी प्रवेश तथा शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै अध्यक्ष यादवले देशमा बहुदलीय व्यवस्था लागु भएको ३४ वर्षदेखि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रले सरकारको नेतृत्व गर्दै आए पनि उनीहरुले देश बनाउन नसकेको बताए ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका जसपा अध्यक्ष यादवले बहुदलीय व्यवस्था लागु भएपछि कांग्रेस, एमाले र माओवादीले सरकारको नेतृत्व गर्न थालेपछि देशका सबै उद्योग कलकारखाना बन्द भएको बताउँदै लाखौं व्यक्तिले रोजगारी पाएको देशका ठूलठूला उद्योग कलकारखानाहरु बन्द भएपछि लाखौं युवा रोजगारी नपाएर मलेशिया, कतार, दुबई, सउदी लगायतका खाडी मुलुकमा श्रम गर्न जान बाध्य भएको बताए ।

वर्तमान संविधान मधेश र मधेशी जनताको पक्षमा नरहेकोले संविधान संशोधन गरी मधेशी जनताको बाँकी रहेको अधिकार दिलाउन आफूहरु संघर्षरत रहेको अध्यक्ष यादवले बताए । विगतमा आफूले गरेको मधेश जनविद्रोहको बलमा देशमा संघीयता आएको तर अहिले देशी विदेशी शक्तिले संघीयतालाई समाप्त पार्ने षडयन्त्रमा लागेको उनले आरोप लगाए ।

शासक वर्गले मधेशी, जनजाति, आदिवासी, थारु, अल्पसंख्यक, मुस्लिमलगायत समुदायलाई अधिकार दिन नचाहेको र पटक पटक भेदभावसमेत गर्दै आएकोले आउँदो २०८४ मा हुने तीनै तहको निर्वाचनमा मधेशलाई अधिकार दिन नचाहनेलाई आफ्नो अमूल्य मत नदिन अध्यक्ष यादवले सबैलाई आग्रह गरे ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र परित्याग गरी धर्मेन्द्र पटेलको नेतृत्वमा सयौं व्यक्ति र प्रभु साह नेतृत्वको आम जनता पार्टी परित्याग गरी सत्येन्द्र पटेल, जयनन्द पटेलसहित दर्जनौं नेता कार्यकर्ता जसपामा प्रवेश गरेका थिए ।

कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय नेता एवं पूर्व मन्त्री गोविन्द चौधरी, राजनीतिक समिति सदस्य बालकिशोर यादव, पार्टीका नेता एवं मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव, मधेश प्रदेशका उर्जा, सिचाई, जलश्रोत तथा खानेपानी राज्यमन्त्री शेख अब्बुल कलाम आजाद उर्फ फुलबाबु, मधेश प्रदेशका पूर्व राज्य मन्त्री योगेन्द्र यादव, पार्टीका केन्द्रीय सदस्य रामकिशोर यादव, चुल्हाई राय, किरण ठाकुर, प्रदेश कमिटि सदस्य राजकुमार दास लगायत पार्टीका नेताहरुको उपस्थिति रहेको थियो ।

भूकम्पमा मर्नेको संख्या १ सय ५० नाघ्यो, राहत र उद्धारमा तीव्रता

टुडे समाचारदाता

काठमाण्डु । नेपालको जाजरकोट जिल्लामा केन्द्रबिन्दू भएको भूकम्पबाट १ सय ५७ जनाको मृत्यु भएको पुष्टि भएको छ।

अधिकारीहरुका अनुसार १ सय ५० जना भन्दा बढी घाइते भएका छन्। भूकम्प प्रभावित क्षेत्रमा राहत र उद्धार कार्यलाई सरकारले तीव्रता दिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' प्रभावित क्षेत्रमा पुगेका छन्।

गएरातिको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा जनधनको सर्वाधिक क्षति भएको छ । नेपाल प्रहरीले सार्वजनिक गरेको पछिल्लो अध्यावधिक विवरण अनुसार जाजरकोटमा १ सय ५ जना र रुकुम पश्चिममा ५२ जना गरी १ सय ५७ जनाको ज्यान गएको छ ।

भूकम्पका कारण १ सय ७० जना घाइते भएका छन् । जाजरकोटमा ८१, रुकुम पश्चिममा ७८, दैलेख, जुम्ला र प्यूठानमा ३-३ जना र बैतडीमा २ जना घाइते भएका छन् । घाइतेमध्ये ७ जनालाई रुकुमको चौरजहारीबाट नेपाल एअरलाइन्सको ट्विनअटर जहाजमार्फत उपचारका लागि काठमाण्डु ल्याइएको छ।

खोज तथा उद्धारको काममा राज्यका संयन्त्रहरु सक्रियताका साथ जुटेका छन् । तीनवटै सुरक्षा निकायको सक्रियतामा घाइतेहरूको उद्धार लगायतका काम भइरहेको छ। नेपाल प्रहरीले आफ्ना ८ सय ६० जना जनशक्ति खटिएको जनाएको छ।

भूकम्पबाट मृत्यु र घाइते हुनेहरुको संख्या ३ सय बढी रहेका छन् । घाइतेहरुको उपचारका लागि थप चिकित्सक र स्वास्थ्यकर्मीहरुको टोली त्यसतर्फ पठाइएको छ।

उद्धारमा राज्यशक्ति सम्पूर्ण रुपले परिचालन भएको छ। राहतका लागि देशैभरिबाट सहयोगका घोषणाहरु भएका छन् । नेपाल आयल निगमले राहत र उद्धारमा खटेका हेलिकोप्टर र विमानलाई निःशुल्क इन्धन उपलब्ध गराउने घोषणा गरेको छ। विभिन्न प्रदेश सरकारले राहतका लागि रकम उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्।

मधेश प्रदेशले खाद्यान्न सहयोग गर्ने

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले भूकम्प प्रभावितहरुलाई खाद्यान्न सामग्री उपलब्ध गराउने भएको छ । दुर्गम पहाडी जिल्ला भएकाले खाद्यान्नको सर्वाधिक आवश्यकता रहेकाले अन्न उपलब्ध गराउने बताइएको छ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवले भूकम्पको कारण दुईवटा पहाडी जिल्लामा जनधनको ठूलो क्षति भएकाले सम्पूर्ण मधेशी नागरिकले आफ्नो स्तरबाट हरसम्भव सहयोग गर्न आह्वान गरेका छन् । उनले भूकम्पको कारण ज्यान गुमाएका नेपालीहरुप्रति गहिरो समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन्।

प्रहरी र कर्मचारी समायोजनका लागि माइतीघरमा धर्ना : मुख्यमन्त्री यादव

टुडे समाचारदाता

रौतहट। मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोज यादवले प्रदेश प्रहरी र प्रदेश निजामती कर्मचारी ऐन कार्यान्वयनका लागि संघीय सरकारविरुद्ध माइतीघरमा धर्नामा बस्ने बताएका छन् ।

जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले शनिबार जिल्लाको देवाही गोनाहीमा आयोजना गरेको दीपावली तथा छठ पर्वको शुभकामना आदान प्रदान तथा पार्टी प्रवेश कार्यक्रममा मुख्यमन्त्री यादवले प्रदेश प्रहरी र कर्मचारी समायोजनको लागि दबाब दिन प्रदेशका १०७ सदस्य सहित धर्ना दिने बताए ।

नेपालको संविधान २०७२ ले प्रदेशको छुट्टै कानुन, कर्मचारी, प्रहरी हुने व्यवस्था गरे पनि संघीय सरकारले हालसम्म कार्यान्वयन नगरेकाले कार्यान्वयन गराउन मन्त्री र सांसदसहित कार्तिक २२ गतेपछि माइतीघरमा धर्ना दिने बताए ।

मधेश प्रदेश सरकार भ्रष्टाचारमा डुबेको भनी लाग्दै आएको आरोप गलत रहेको भन्दै मुख्यमन्त्री यादवले प्रदेश सरकारको प्रहरी र कर्मचारी नरहेको खण्डमा कसरी भ्रस्टाचार गर्छ भनी प्रश्न गरे ।

मधेश आन्दोलनको बलमा आएको संघीयता खारेज गर्न भइरहेको षडयन्त्रलाई मधेश प्रदेश सरकारले सफल हुन नदिने उनले प्रष्ट पारे । मधेश प्रदेश सरकारको आफ्नो प्रहरी प्रसाशन र कर्मचारी पाएपछि कसैले घुस लिने हिम्मत नगर्ने उनले दाबी गरे ।

केपी ओली, शेर बहादुर देउवा तथा पुष्प कमल दाहाल प्रचण्ड प्रधानमन्त्री बने पनि कसैले पनि प्रदेशको अधिकार दिने कार्य नगरेको आरोप समेत मुख्यमन्त्री यादवले लगाए ।

उनले गौर राइस मिलको जग्गा प्रदेश सरकारको नाउँमा अधिग्रहणका लागि प्रक्रिया अगाडि बढाउन रौतहटका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गर्दा पनि कुनै वास्ता नगरी अहिलेसम्म केही जवाफ समेत नफर्काएको जानकारी दिए ।

जग्गा अधिग्रहणका लागि १५ करोड रकम विनियोजन गरिएको र खेलकुदको लागि स्टेडियम निर्माण गर्न रकम छुट्याइएको मुख्यमन्त्री यादवले जनाए ।

संघीय सरकारको कर्मचारीका कारण प्रदेश सरकारको प्रशासनिक तथा कानुनी कार्यसमेत बाधित हुने गरेको उल्लेख गर्दै उनले प्रदेश सरकारको आफ्नो कर्मचारी भएपछि विकासको लहर नै आउने दाबी गरे ।

अधिकारका लागि आन्दोलन जरुरी रहेको छ भने विकासका लागि मतको आवश्यकता हुँदा बहुमतको सरकार नभएकाले काम गर्न कठिनाइको सामना गरिरहनु परेको मुख्यमन्त्री यादवले बताउँदै आगामी निर्वाचनमा जसपा नेपालको पूर्ण बहुमतको सरकार बनाउनका लागि मतदान गर्न सबैलाई आग्रह गरे।

JP
DRY CLEANER
Our Services
- Blanket
- Coat
- Sari
- Ironing
- Shoe Cleaning
- Hotel
- Hospital

जनकपुरधाम उप-महानगरपालिकाको ठिक अगाडी
Contact No.
9801629276, 9854058181
Note:- Free Home Delivery all over in Janakpur

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
पहिलेको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा
यस अस्पतालमा नेपाल सरकारद्वारा संचालित
आमा सुरक्षा कार्यक्रम
यहि मिति २०८०/४/१ गते देखि संचालन भईरहेको जानकारी गराउन चाहन्छौं ।
यसमा बिरामीले पाउने सुविधाहरु
☞ २४ औं घण्टा डेलिभरी सेवा निःशुल्क ।
☞ शल्यक्रियाद्वारा (अपरेशन) बाट बच्चा पाउने सेवा निःशुल्क ।
☞ जेनरल बेड चार्ज निःशुल्क ।
☞ बिरामीलाई यातायात खर्च वापत रु. १०००।- दिइनेछ ।
नोट
जनकपुधामको एक मात्र सु-प्रसिद्ध न्यूरो सर्जन डा. हेमन्त कुमार साह (MCH) द्वारा न्यूरो सर्जरी सम्बन्धी सम्पूर्ण सेवाहरु उपलब्ध छ ।
सम्पर्क नं.
०४१-५९१०९२
९८१४०२९७६९

'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक सँग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

भूकम्प पीडितको सहयोगार्थ कोष स्थापना

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले भूकम्प पीडितलाई आर्थिक सहयोग उपलब्ध गराउन कोष स्थापना गरेको छ। पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको अध्यक्षतामा शनिबार बसेको आकस्मिक बैठकले देश विदेशमा रहेका पार्टीमा आबद्ध सबै नेता तथा कार्यकर्तालाई कोषमा सहयोग गर्न आग्रह गरेको महासचिव घनश्याम भुसालले जानकारी दिनुभयो।

जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रविन्दु भएर गए राति गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै बैठकले पीडितलाई गाँस, बास, कपास, पुनःस्थापना गरी आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनका साथै आवश्यक स्वास्थ्य उपचारको व्यवस्थापन गर्न सरकारसग माग गरेको छ।

ʼली प्रदेशका सबै तहका कमिटीलाई पीडितलाई उद्धार कार्यमा सरकारलाई आवश्यक सहयोग गर्न निर्देशन दिएको बैठकले पार्टीमा सङ्कलन हुने सबै प्रकारका सहयोग तथा राहत व्यवस्थापन गर्न भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई जिम्मेवारी प्रदान गरेको छ।रासस

लुम्बिनी प्रदेशको कार्यवाहक मुख्यमन्त्रीमा मास्की

तुलसीपुर (दाङ) । लुम्बिनी प्रदेश सरकारको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी अर्थमन्त्री धनबहादुर मास्कीलाई दिइएको छ।

मुख्यमन्त्री डिल्लीबहादुर चौधरी कार्यक्रममा सहभागी हुन अमेरिका प्रस्थान गर्ने कार्यक्रम रहेकाले उहाँको भ्रमण अवधिभर मास्कीलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी प्रदान गरिएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता धर्मा अर्यालले बताउनुभयो।

मुख्यमन्त्री चौधरी 'द एसेम्बली स्टेट अफ न्यू योर्क, अलबेनीक ३०औँ डिस्ट्रिक्ट' लगायतका दुई कार्यक्रममा सहभागी हुने अमेरिका जान लाग्नुभएको हो। रासस

इजरायलमा मारिएका थप एक विद्यार्थीको शव नेपाल आइपुग्यो

काठमाण्डु । दक्षिणी इजरायलमा हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० जना नेपाली विद्यार्थीमध्ये थप एकजना नेपाली विद्यार्थीको शव शनिबार नेपाल आइपुगेको छ।

फ्लाइ दुवईको विमानमार्फत शनिबार दिउँसो २ बजे सल्यान सारदा-३ का प्रवेश भण्डारीको शव नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "शनिबार रातिसम्ममा डोटी लामिखाल-८ का पदम थापाको शव आइपुग्नेछ।"

दक्षिणी इजरायलमा गत असोज २० गते अर्थात् ७ अक्टोबरमा हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो । हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० जना विद्यार्थीमध्ये अहिलेसम्म नौजनाको शव नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

हालसम्म सल्यान सारदा-३ का प्रवेश भण्डारी, बझाङ जयपृथ्वी-६ का गणेशकुमार नेपाली, दार्चुला मालिकार्जन-४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम-५ का दीपेशराज विष्ट, धनुषा सापही-६ का आनन्द शाह, कैलाली घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने, सुनसरी मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटी पचनाली-३ का राजन फुलारा, तथा कैलाली बौनियाँ-३ का आशीष चौधरीको शव नेपाल ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रको 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत उनीहरू इजरायल गएका थिए । सोही आक्रमणमा परी कञ्चनपुर भीमदत्त-३ का विपीन जोशी सम्पर्कविहीन छन् । केही समयअघि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोलीले इजरायलमा फसेका दुई सय ५४ विद्यार्थीलाई उद्धार गरी नेपाल ल्याएको थियो। रासस

साधारण सभा सम्पन्न

टुडे समाचारदाता

बारा । श्रमिक बचत तथा ऋण सहकारीको १३ औँ साधारण सभा सम्पन्न भएको छ।

शनिबार कार्यक्रमको उद्घाटन गर्दै जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले सहकारीहरुको लगानी उत्पादनशील क्षेत्रमा केन्द्रित गर्नुपर्ने धारणा व्यक्त गरे। यसतर्फ उपमहानगरपालिकाले पनि गृहकार्य गरिरहेको उनले जानकारी दिए।

संस्थाले आर्थिक वर्ष २०७९/०८० मा ३९ लाख ५८ हजार ४ सय ७० रुपैयाँ नाफा आर्जन गर्न सफल भएको जनाइएको छ । संस्थाको शेयर पुँजी १ करोड ८ लाख ९ हजार ९ सय रुपैयाँ रहेको छ भने कारोबार ८ करोड ९२ लाख ७० हजार रहेको जनाइएको छ । संस्थाले सेयर सदस्यहरुलाई १२ प्रतिशत बोनस समेत प्रदान गरेको छ । साधारण सभामा सहकारी अभियन्ता मुकुन्द बहादुर क्षेत्री, घण्टिमाई साकोसका अध्यक्ष कोपिला सिम्खडा, जीतपुर सिमरा उपमहानगरपालिकाको सहकारी शाखा प्रमुख सुदन चौधरी लगायतले धारणा राखेका थिए।

भूकम्पपीडितका लागि सरकारले कार्यक्रम ल्याउनुपर्ने

दमौली । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद प्रदीप पौडेलले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितको उद्धार, राहत र सहयोगका लागि सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस क्षेत्र नं २ समितिले शनिबार दुलेगौडामा आयोजना गरेको श्रद्धाञ्जलिसभामा सांसद पौडेलले भूकम्पपीडितलाई अहिले सहयोगको खाँचो रहेको भन्दै सरकारका तर्फबाट विशेष कार्यक्रम घोषणा हुनुपर्ने बताउनुभयो।

सङ्घीयता खर्चिलो भयो भनेर टीका-टिप्पणी भइरहेका बेला विपद्को यो घडीमा सबै प्रदेश सरकारले सहयोगको हात अगाडि बढाउनुपर्नेमा नेता पौडेलले जोड दिनुभयो।

"स्थानीय तहले पनि पीडितले महसुस हुने गरी सहयोग गर्नुपर्छ", सांसद पौडेलले भन्नुभयो । भूकम्पपीडितको उद्धार र राहतका लागि नेपाली कांग्रेसका तर्फबाट रु ५० लाख सहयोग गर्ने घोषणा भइसकेको भन्दै उहाँले थप सहयोग जुटाउन आफूहरू लाग्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "एक नेपालीलाई चोट लाग्दा अर्को नेपालीलाई दुख्छ। हामी सबैले सहयोग जुटाएर पीडामा मल्हम लगाउने कोसिस गरौँ।रासस

साझेदारी वन सम्बन्धी अन्तरक्रिया

टुडे समाचारदाता

बारा। साझेदारी वन सम्बन्धी कानुनी व्यवस्था र समूहको भूमिका विषयक मधेश प्रदेश स्तरीय अन्तरक्रिया बाराको पथलैयामा सम्पन्न भएको छ। साझेदारी वन उपभोक्ता महासंघ मधेश प्रदेशको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका साझेदारी वन उपभोक्ता समूहका अध्यक्षहरुको सहभागिता रहेको थियो।

साझेदारी वन सम्बन्धी कानुनी व्यवस्थाको विषयमा वन विज्ञ भोला भट्टराईले प्रकाश पारेका थिए। साझेदारी वन उपभोक्ता समूहका अध्यक्षहरुले साझेदारी वनमा रहेका कानुनको विषयमा जिज्ञासा र यसको कार्यान्वयन फितलो भएको गुनासो गरेका थिए।

पर्यटकीयस्थल नगरकोटमा सिमाङ्कनको प्रक्रिया थालियो



काभ्रेपलाञ्चोक । वर्षौंदेखि दुई जिल्ला काभ्रेपलाञ्चोक र भक्तपुरको सीमास्थलमा अवस्थित पर्यटकीय क्षेत्र नगरकोटमा सिमाङ्कन समस्या समाधानका लागि प्रक्रिया थालिएको छ । गत साउनमा दुई जिल्लाको चार नगरका जनप्रतिनिधि सम्मिलित गठित समितिले सीमास्थलको अनुगमन-निरीक्षण गरी प्रारम्भिक प्रतिवेदन तयार पारेको छ।

चारै नगरका जनप्रतिनिधिले समितको प्रतिवेदन बुझ्दै अनुगमन-निरीक्षणसमेत गर्नुभएको छ । नगरकोट काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका र बनेपा नपा तथा भक्तपुरको चाँगुनारायण नपा र शत्त रापुर नपाको सङ्गमस्थल पनि हो। "सबैले प्रतिवेदन अध्ययन गरेपछि पुनः छलफल गरी सिमाङ्कनका तथ्यमा जाइनेछ", बनेपा नगरपालिका प्रमुख शान्तिरत्न शाक्यले भन्नुभयो।

समितिले अनुगमन निरीक्षणबाट मिमाङ्कन समस्या समाधानका उपाय र विकल्पबारे प्रारम्भिक प्रतिवेदन बुझाएको हो। नापी विभागका नापी अधिकृत डिल्लीप्रसाद दाहालको संयोजकत्वमा गठित समितिमा चारै नगरका वडाध्यक्षलगायत जनप्रतिनिधि तथा काठमाडौँ, काभ्रेपलाञ्चोक र भक्तपुर जिल्लाका नापी कार्यालय प्रमुख एवं प्रतिनिधि, सम्बन्धित स्थानीय तहका नापी शाखा प्रमुख तथा प्राविधिक हुनुहुन्थ्यो । उक्त समितिलाई व्यवस्थापनमा आवश्यक सहयोग स्थानीय नाल्दुम-नगरकोट विकास समितिले गरेको थियो।

यसअघि चार नगरबीच सिमाङ्कनबारे पटक-पटक बसेको बैठक तथा छलफलपछि समिति गठन गर्ने निर्णय गरेको थियो । मण्डनदेउपुर नगरप्रमुख टोकबहादुर वाइवाका अनुसार समितिको प्रतिवेदनका आधारमा थप छलफल गरी सिमाङ्कनको थप प्रक्रिया अघि बढाइनेछ । नगरकोटमा 'पानी ढलो'का रूपमा काभ्रेपलाञ्चोक र भक्तपुर पर्ने बताइँदै आइएको छ।

यसअघि भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लास्थित नगरकोटको पर्यटन विकासका लागि दुवै जिल्लाका सिमाना जोडिएका नगरले संयुक्त बजेट लगानी गर्ने प्रतिबद्धता जनाएका थिए । लामो समयदेखि सिमानामा रहेको सार्वजनिक जग्गा दुरुपयोग हुनाका साथै पर्यटन शुल्कमा समेत भक्तपुरको चाँगुनारायण नगर र काभ्रेको मण्डनदेउपुर नगरबीचको विवाद दीर्घकालीनरूपमा समाधान गरिएको थियो।रासस

भूकम्पपीडित भन्छन्, 'भाग्यले बाँचे'

खजुरा (बाँके) । जाजरकोट भेरी नगरपालिका-३ खलङ्गाका ४८ वर्षीय विमलकुमार कार्की भूकम्पमा परी घाइते हुनुभएको छ। उहाँ गएरातिको भूकम्पबाट घर भत्किएपछि च्यापिनुभएको थियो। उद्धारपछि कार्कीले रासससँग भन्नुभयो, "भाग्यले बाँचे।" दुईतले कच्ची घरमा राति एक्लै सुतिरहेका बेला एक्कासी भूकम्प गएको र ब्युँझिएर अत्तालिएर घरबाट बाहिर निस्कन खोज्दा घर गर्ल्याम्म ढल्दा माटोले च्यापिएर घाइते भएको उहाँले सुनाउनुभयो।

घाइते कार्कीले आफ्ना दुःख सुनाउँदै भन्नुभयो, "एक्कासी भूकम्प आएको थाहा पाएर झ्यालबाट बाहिर निस्कन खोज्दा झ्यालसँगै तल खसेँ र माटोले मेरो दुईवटै खुट्टा च्यापियो। रातिको समय थियो, एकछिन होसहवास गुम्यो, पछि होस आउँदा म बेस्सरी कराएँ। आधा घण्टापछि भतिज मन्दीप कार्की आयो। राति साढे १ बजे अस्पताल पुगेँ।"

काका एक्कासी चिच्चयाएको आवाज सुनेर म दौडेर पुगेको घाइते कार्कीका भतिज मन्दीपले बताउनुभयो । उहाँले भन्नुभयो, "म पुगेपछि वरिपरिका मानिसलाई बोलाएर स्टेचरमा बोकेर जाजरकोट अस्पताल पुऱ्याऔँ र त्यहाँ पनि घटनाका घाइतेको ठूलो भीडभाड रहेछ, डाक्टरले उहाँलाई राति साढे ३ बजे नेपालगञ्ज सिफारिस गर्नुभयो ।" मन्दीपले काकालाई आज बिहान साढे ७ बजे एम्बुलेन्समा राखेर भेरी अस्पतालमा ल्याइपुऱ्याउनुभएको हो । घाइतेमध्ये विमलकुमार नै पहिलो बिरामी उपचारमा आउनुभएको अस्पतालले जनाएको छ । अस्पतालका चिकित्सकले परीक्षण गर्दा विमलकुमारको दाहिने खुट्टाको दुई भाग भाँचिएको अस्पतालले जनाएको छ। २२ वर्ष पुरानो दुईतले कच्ची घरले झनै ज्यान बचाएको घाइते उहाँले बताउनुभयो । विमलकुमारको घर नजिकै ससुरालीमा रहेकाले श्रीमती र तीन छोरी बाँचेको बताउनुभयो। आज राति घरमा उहाँ एक्लै हुनुहुन्थ्यो । उहाँकी श्रीमती र छोरी ससुराली गएकाले बाँचे नत्र घटनामा परेर बाँच्थेन होला विमलकुमारले भन्नुभयो।

भगवान्ले हाम्रो परिवारलाई जोगाएको घाइते विमलकुमारकी श्रीमती चन्द्रसिंहले बताउनुभयो। उहाँले म घटनाको बारेमा थाहा पाउनैबित्तिकै श्रीमान्लाई खोज्दै जाजरकोट अस्पताल पुगेको बताउनुभयो। उहाँले भूकम्प गएपछि छोरीलाई उठाएर बाहिर भागेर ज्यान बचाएको सुनाउनुभयो। उहाँ बसेको घर भूकम्पले सामान्य भत्किएको र चिरा परेको बताउनुभयो। चन्द्रसिंहले घटनालाई सम्झेर यस्तो ठूलो विपद्ले हामी त सदरमुकामकालाई यस्तो भयो, भूकम्पको केन्द्रबिन्दु भएको क्षेत्रका मानिसको अवस्था के होला भनेर प्रश्न गर्नुभयो। जाजरकोट केन्द्रबिन्दु भएर गए राति गएको भूकम्पमा परी गम्भीर घाइते भएकालाई थप उपचारका लागि नेपालगन्ज ल्याउने क्रम जारी रहेको छ।

हालसम्म ३२ जना घाइतेलाई ल्याइएको भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा पवनजङ्ग रायमाझीले बताउनुभयो । उहाँका अनुसार ३२ घाइतेमध्ये दुई जनाको अवस्था जटिल रहेको छ। अस्पतालका मेसु डा रायमाझीले अस्पतालका सम्पूर्ण चिकित्सकसहितका कर्मचारीलाई उपचारकार्यमा खटाइएको भन्दै घाइते सबैको निःशुल्क उपचार भइरहेको बताउनुभयो । भूकम्पमा परी गम्भीर घाइतेहरूको उपचारका लागि नेपालगन्जको भेरी अस्पताल, नेपालगन्ज मेडिकल कलेज, कोहलपुर शिक्षण अस्पतालमा उपचारको व्यवस्थापन गरिएको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताउनुभयो। उहाँका अनुसार घाइते तथा घाइतेका आफन्तका लागि सहजताका लागि स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेश श्रेष्ठलाई तोकिएको छ।

भूकम्पपीडितका लागि राहत सङ्कलन

जाजरकोट र पश्चिम रुकुमका भूकम्प पीडितका लागि राहतस्वरुप बाँकेमा सहयोग सङ्कलन अभियान सुरु भएको छ। बाँकेका चारवटा स्थानीय तहले रु १० लाख बढीको सहयोग गर्ने निर्णय गरेका छन्। स्थानीय तहहरूले खाद्यान्न र गैरखाद्य सहयोगसँगै स्वास्थ्यकर्मीको टिम परिचालन गर्ने निर्णय गरेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा पालिकाले गर्ने सहयोगबारेमा निर्णय गरेको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी पोखरेलले बताउनुभयो । नेपालगन्ज उपमहानगरपालिकाले रु चार लाख बराबरको खाद्यान्न, त्रिपाल, झुलसहित सामग्री र मेडिकल टिम परिचालन गर्ने भएको छ । कोहलपुर नगरपालिकाले रु दुई लाख बराबरका औषधि र खाद्यान्न उपलब्ध गराउने जनाएको छ। राप्तीसोनारी गाउँपालिकाले रु एक लाख बराबरको औषधि, रु ५० हजार बराबरको खाद्यान्न र एक जना चिकित्सकसहित स्वास्थ्यकर्मीको टिम परिचालन गर्ने भएको छ। रासस

तपाईंको आज

पण्डित : बम जी

मेष	: शिक्षामा उन्नति।
बृष	: धन बृद्धि सञ्चय।
मिथून	: प्रतिभा सम्पन्नता।
कर्कट	: नयाँ कार्य हुने।
सिंह	: अवसर प्राप्त।
कन्या	: वाद विवादबाट बच्नु।
तुला	: सुख समृद्धि हुने।
बृश्चिक	: प्रेम प्रसंग, मित्र सुख।
धनु	: भ्रमण अवसर हुने।
मकर	: पुरस्कार प्राप्त लाभ।
कुम्भ	: बौद्धिक क्षमता।
मीन	: पारिवाहिक सुख।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५, ९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७, ९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली एमाले मधेश प्रदेश कमिटीको शपथ ग्रहण समारोह उद्धाटन गर्दै ।

तस्बिर :रासस

भूकम्प पीडितको उद्धारमा प्रधानमन्त्रीको अठार घण्टा

काठमाण्डु । शुक्रबार मध्यरात सम्पूर्ण नेपाली निद्रामा थिए । विपत्तिका सामु कसैको केही लागेन । एकाएक धर्ती हल्लियो । निद्रामा रहेका मानिस ब्यूँझिए । कुकुर भुके, बास बसेका चराको चित्कार सुनियो । काठमाडौँ उपत्यकासहित देशभर नै धक्का महसुस भयो ।

समय थियो शुक्रबार राति ११ बजेर ४७ मिनेटको । जाजरकोटको रामिडाँडालाई केन्द्रबिन्दु बनाएर छ दशमलव चार म्याग्निच्युडको भूकम्पले विशेषगरी छिमेकी रुकुम पश्चिमलाई नराम्ररी हल्लाइदियो । विसं २०७२ वैशाख १२ गतेको जस्तै धक्का पश्चिम नेपालका दुई पहाडी जिल्लाले यसपटक व्योहोर्नुपरेको छ ।

भूकम्पको धक्का काठमाडौँ उपत्यका र भारतको राजधानी नयाँ दिल्लीसम्म महसुस गरिएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ । हालसम्म सो भूकम्पमा परी एक सय ५७ जनाको मृत्यु भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । हालसम्म जाजरकोटमा एक सय पाँच जना र रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ ।

जाजरकोट र रुकुम पश्चिमका धेरै गाउँ भूकम्पबाट थिलथिलो भएको छ । अधिकांश मानिस खुला स्थानमा रात कटाउन बाध्य भएका छन् । राहत र उद्धारको काम चलिरहेको छ । पहिलो चरणमा सरकारले भूकम्प प्रभावितको सकुशल उद्धारमा ध्यान केन्द्रित गरेको छ । करिब-करिब उद्धारको काम पूरा भएको स्थानीय प्रशासनले जनाएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आज रातिदेखि नै प्रभावितको उद्धारमा प्रभावकारीरूपमा खटिन निर्देशन दिनुभएअनुसार काम भएको बताइएको छ । प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माका अनुसार प्रधानमन्त्री दाहालले शनिबार बिहान १ बजेभित्रै जाजरकोट र रुकुम पश्चिमको अवस्थाका बारेमा जानकारी लिनुभएको थियो । भूकम्प गएको थाहा पाउनेबित्तिकै तत्काल उद्धार र राहतमा खटिन उहाँले मातहतका निकाय, सुरक्षाकर्मीलाई निर्देशन दिनुभएको थियो । प्रधानमन्त्री आज झण्डै १८ घण्टा जाजरकोट र रुकुम पश्चिमलाई नै केन्द्रमा राखेर खटिनुभएको थियो ।

आफैँले विवरण लिएपछि प्रधानमन्त्री प्रचण्डले आज बिहान ३ बजे नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा आवश्यक प्राविधिकसँग उद्धारका बारेमा छलफल गरी आवश्यक निर्देशन दिनुभएको थियो । आवश्यक तयारीलगत्तै बिहान ६ बजे ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, पूर्वअर्थमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का नेता जनार्दन शर्मा र जाजरकोटबाट कर्णाली प्रदेशसभा सदस्य राजीवविक्रम शाहीसहित विमानस्थल पुग्नुभएका प्रधानमन्त्रीले आफूसँगै १६ जना स्वास्थ्यकर्मीलाई प्रभावितस्थल लिएर जानुभयो ।

सचिवालयमा रहेका सहयोगीलाई काठमाडौँमा नै छाडेर प्रधानमन्त्री सीमित सुरक्षाकर्मीका साथ जाजरकोटको मालिका ब्यारेकमा बिहान ८ बज्दा नबज्दै पुग्नुभयो । आम नेपालीले नियमित काम सुरु नगर्दै प्रधानमन्त्री नेतृत्वको टोली भूकम्प प्रभावितस्थल जाजरकोट पुगिसकेको थियो । केन्द्रबिन्दु नै भएका कारण यसपटकको भूकम्पले सबैभन्दा बढी क्षति जाजरकोटमा नै पुगेको छ । त्यसपछि रुकुम पश्चिममा जनधनको क्षति भएको छ ।

जाजरकोटको बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीका अनुसार केन्द्रबिन्दु भए पनि त्यहाँ मानवीय क्षति कम भएको छ । भौतिक संरचनामा भने ठूलो क्षति भएको छ । झण्डै एक हजार परिवार विस्थापित भएका छन । उनीहरुको घर पूर्णरूपमा क्षतिग्रस्त भएको छ । बस्नै नहुने अवस्था छ । त्यहाँ अन्य एक हजार पाँच सयको हाराहारीमा घर जोखिममा छन् ।

“भूकम्प सम्झँदा र घरको अवस्था देख्दा सबै तर्सित छन् । भूकम्प पीडित गाउँभन्दा टाढा जङ्गल, गुफा र चौरमा बसिरहेका छन”, उहाँले भन्नुभयो । केन्द्रबिन्दु रहेको भूकम्पबाट त्यहाँ सडकलगायत भौतिक संरचनामा क्षति पुगेको छ । घर क्षतिग्रस्त छन् । जमिन भासिएको छ । चिराचिरा परेको छ । भग्नावशेषजस्तो देखिएको छ । गाउँपालिकाको केन्द्रबाट तीन किलोमिटर टाढा रहेको भूकम्पको केन्द्रबिन्दुमा बस्ती, जङ्गल र खोला छ ।

जाजरकोटको भेरी नगरपालिका प्रमुख चन्द्रप्रकाश घर्तीका अनुसार प्रधानमन्त्री दाहालले प्रभावित क्षेत्रको अवलोकन गरेर पीडामा रहेका नागरिकलाई मल्हमपट्टी लगाउन सहयोग पुगेको छ । उहाँले भन्नुभयो, “प्रधानमन्त्रीले नै स्थलगत निरीक्षण गर्नुभएको छ । विश्वास छ, सङ्घीय सरकारले ठूलो सहयोग गर्नेछ ।”

प्रधानमन्त्री दाहालले धेरै प्रभावितमध्येको एक जाजरकोटको नलगाड नगरपालिकाको दलीबाट आफू चढेर गएको हेलिकोप्टरमा नै सात जना घाइते र सात जना कुरुवालाई उद्धार गरेर उपचारमा पठाउनुभएको थियो ।

घाइतको तत्काल उद्धारमा जोड दिनुभएका प्रधानमन्त्रीले दिउँसो फर्कने क्रममा पनि एक बालकसहित तीन जनालाई रुकुमको आठबिसकोटबाट उद्धार गरेर उपचारका लागि सुर्खेत छाडेर आउनुभएको छ । गम्भीर अवस्थामा रहेका सात जना घाइतेलाई नेपाल वायु सेवा निगमको जहाजमार्फत काठमाडौँ ल्याइएको छ ।

प्रधानमन्त्री प्रचण्डले आज सानीभेरी, आठबिसकोट, मुसीकोट, जाजरकोटको थाप्लेचौर, नलगाडलगायत स्थानमा आफैँ पुगेर घाइतेको अवस्थाका बारेमा जानकारी लिनुभयो । उहाँले उपचारमा कुनै कसर बाँकी नराख्न चिकित्सकहरूलाई आग्रह गर्नुभयो । थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा पठाउन तथा खर्चको कुनै चिन्ता नगर्न ढाडससमेत दिनुभएको थियो ।

यस्तै उद्धार र राहतमा खटिएका सुरक्षाकर्मीलाई समेत उच्च मनोबलका साथ खटिन निर्देशन दिनुभएका प्रधानमन्त्रीले सरकारको तर्फबाट सबै प्रकारको सहयोग रहने र साथैमा रहेको बताउनुभएको थियो । घरबास भत्केर खुला स्थानमा पुगेका नागरिकसँग प्रत्यक्ष संवाद गर्न एकाबिहानै प्रधानमन्त्री पुग्दा धेरैले आश्चर्यसमेत मानेका थिए । प्रधानमन्त्रीले भूकम्पमा परी निधन भएका मानिसका आफन्तसँग रुकुमको राडीबजारमा भेटेर समवेदना प्रकट गर्नुभएको थियो । उहाँले सरकार साथमा भएकाले चिन्ता नगर्न आग्रह गर्दै पुनःस्थापना र राहतको प्रबन्ध गरिने विश्वास दिलाउनुभएको थियो ।

शनिबार दिनभरजसो भूकम्प प्रभावितसँग रहनुभएका प्रधानमन्त्रीले सोही क्रममा गृह, सञ्चार तथा सूचना प्रविधि, उद्योग वाणिज्य तथा आपूर्ति, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई पनि आ-आफ्नो मन्त्रालयमार्फत गर्नुपर्ने राहत र उद्धारको कामको तयारी गर्न निर्देशन दिनुभएको प्रेस संयोजक शर्माले जानकारी दिनुभयो । प्रधानमन्त्रीको निर्देशनलगत्तै ती मन्त्रालयले पनि प्रभावितलाई केन्द्रमा राखेर आवश्यक निर्णय गरेका छन् ।

उद्धारको काम सम्पन्न भएको निष्कर्षमा पुग्नुभएका प्रधानमन्त्रीले राहत, पुनःस्थापनाका लागि आवश्यक निर्णय गर्न आइतबार बिहान मन्त्रिपरिषद्को बैठक बोलाउनुभएको छ । अधिकारसम्पन्न स्थानीय सरकार गठन भएका कारण उद्धारको काम प्रभावकारी भएको निष्कर्षका साथ काठमाडौँ फर्कनुभएका प्रधानमन्त्री दाहालले दोस्रो चरणमा राहतको कामलाई प्राथमिकतामा साथ युद्धस्तरमा अगाडि बढाउने विश्वास स्थानीय प्रभावितलाई पनि दिलाउनुभएको छ ।

भूकम्पबाट भत्किएका घर तथा आवास, सरकारी संरचना तथा अन्य भौतिक पूर्वाधारको निर्माणका लागि प्राधिकरणको मोडालिटीमा नै नयाँ संरचना निर्माण गर्नुपर्ने हो कि भन्ने निष्कर्षमा प्रधानमन्त्री पुग्नुभएको छ । “स्थलगत निरीक्षणका क्रममा देखिएको अवस्था, विज्ञहरूको सुझाव तथा अन्य परिस्थितिलाई ख्याल गरेर आइतबार बस्ने मन्त्रिपरिषद्को बैठकले आवश्यक निर्णय गर्नेछ । आज विभिन्न मन्त्रालयले गरेका निर्णयलाई समेत सरकारले ग्रहण गर्ने सरकारको तयारी छ”, प्रेस संयोजक शर्माले भन्नुभयो ।

पश्चिम नेपालमा लगातार भूकम्प गइरहेको सन्दर्भलाई ध्यान दिएर सरकारले दीर्घकालीनरूपमा पनि उपयुक्त समाधान खोज्ने तथा सुरक्षित आवास निर्माण गर्नुपर्ने आवश्यकता देखेको छ । प्रधानमन्त्रीले भूकम्पपछिको पुनःनिर्माणका लागि आवश्यक सबै प्रबन्ध गर्ने र त्यसमा सबै राजनीतिक दल र सरोकारवालाको साथ खोज्नुभएको छ ।

जाजरकोट र रुकुम पश्चिमको भूकम्प प्रभावित क्षेत्रको अनुगमन गरेर फर्किने क्रममा नेपालगन्ज विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले आज उद्धार र उपचारमा ध्यान केन्द्रित गरिएको बताउनुभएको थियो । प्रधानमन्त्री दाहालले आइतबारदेखि राहत र पुनःस्थापनाको काममा लाग्ने उल्लेख गर्नुभयो । उहाँले नेपाललाई चाहिने सहयोग गर्ने भनेर छिमेकी मुलुकबाट पनि फोन आएको तथा मन्त्रिपरिषद् बैठकमा निर्णय गरेर आवश्यक सहयोगबारे बताउने जानकारी गराएको उल्लेख गर्नुभएको थियो ।रासस

बिदामा रहेका कर्मचारीलाई यथाशीघ्र कार्यालयमा हाजिर हुन मन्त्रालयको निर्देशन

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूकम्प प्रभावित जिल्लाका स्थानीय निकायमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीलाई यथाशीघ्र कार्यालयमा हाजिर हुन निर्देशन गरेको छ ।

मन्त्रालयले सूचना जारी गर्दै बिदामा रहेका सम्बन्धित स्थानीय निकायका प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीलाई यथाशीघ्र आफ्नो कार्यालयमा हाजिर भई कामकाजमा खटिनु हुन र तत्काल बिदामा नरहन हुन निर्देशन गरेको हो ।

मन्त्रालयले भूकम्पबाट मृत्यु भएका नागरिकको खोजी एवं घाइतेको राहत तथा उद्धार, स्वास्थ्य उपचारसहित अन्य सबैपक्षको व्यवस्थापन प्रत्यक्ष एवं अप्रत्यक्ष सघाउ पुऱ्याउन अग्रसरता देखाई कार्य प्रवाह गर्न गराउन हुन प्रभावित जिल्लामा सबै स्थानीय निकाय तथा स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीलाई अनुरोधसमेत गरेको छ ।

शुक्रबार मध्यराति जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रबिन्दु बनाई आएको ६ दशमलव चार रेक्टर स्केलको भूकम्पबाट जाजरकोट, रुकुमपश्चिम र रुकुमपूर्व र सल्यानलगायतका जिल्लामा मानवीय र भौतिक क्षति भएको छ । रासस

कोशी प्रदेशका मुख्यमन्त्री सर्वदलीय सरकारको पक्षमा

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले आफू सर्वदलीय सरकार गठनको पक्षमा रहेको बताउनुभएको छ ।

शनिबार आफ्नै निवासमा पत्रकार सम्मेलन गरेर उहाँले वर्तमान सरकारलाई सर्वदलीय स्वरुप दिन नै आफूले नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)का प्रदेशसभा सदस्यलाई मन्त्रिपरिषद्मा सामेल गराएको स्पष्ट गर्नुभयो । साथै उहाँले सरकारले चाँडै पूर्णता पाउने बताउनुभयो ।

कोशी प्रदेशको भौतिक विकासका निम्ति आफू लागिपरेको बताउँदै मुख्यमन्त्री कार्कीले सुशासन कायम गर्नु आफ्नो पहिलो प्राथमिकता भएको दाबी गर्नुभयो । उहाँले कृषिलाई निर्यातमुखी बनाउन ठोस योजनाका साथ अघि बढ्ने दृढता व्यक्त गर्नुभयो ।

कोशी प्रदेश सरकार जाजरकोट भूकम्पबाट पीडित भएकाहरूका साथमा रहेको बताउँदै मुख्यमन्त्री कार्कीले सहयोगस्वरुप तत्काल एक हजार थान कम्बल, एक हजार थान त्रिपाल र एक हजार वटा बिछ्यौना प्रदान गर्ने जानकारी दिनुभयो । रासस

आधिकारिकता निश्चित गरेर मात्रै सहयोग गर्न अनुरोध

काठमाण्डु । नेपाल प्रहरीले भूकम्प प्रभावितको नाममा अवाञ्छित गतिविधि र ठगी हुनसक्ने भएकाले निश्चित गरेर मात्रै सहयोग गर्न शनिबार आम नागरिकमा अनुरोध गरेको छ । भूकम्प पीडितहरूलाई इन्टरनेट वा अन्य माध्यमबाट आर्थिक वा अन्य सहयोग गर्दा सहयोग माग्ने व्यक्ति वा सङ्घसंस्था आधिकारिक हो वा होइन निश्चित गरेर मात्र सहयोग गर्न अनुरोध गरिएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले बताउनुभयो ।

प्रवक्ता कडायतका अनुसार विगतमा यसरी सहयोगका नाममा ठगिएका र वास्तविक प्रभावितहरूले राहत नपाएका जानकारी आएको भन्दै त्यसतर्फ सचेत हुन भनिएको हो । प्रहरीले आज सार्वजनिक सूचना नै जारी गरेर सबैमा उक्त अनुरोध गरेको हो ।

विभिन्न सरकारी निकाय तथा सङ्घसंस्थाले भूकम्प प्रभावित क्षेत्रमा सहयोगको घोषणा गरेका छन् । जाजरकोट केन्द्रविन्दु भएर आज गएको ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पमा परी अहिलेसम्म एक सय ५७ जनाको मृत्यु भइसकेको छ । झण्डै दुई सय जना घाइते भएका छन् । खोज र उद्धार कार्य अहिले पनि जारी रहेको छ । रासस

पूर्वउपराष्ट्रपतिद्वारा भूकम्प पीडितको उद्धार, राहत र पुनःस्थापनामा तीनै तहका सरकारको ध्यानाकर्षण

काठमाण्डु । पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनले भूकम्प प्रभावितको उद्धार, राहत र पुनःस्थापनाको व्यवस्था गर्न तीनै तहका सरकारको ध्यानाकर्षण गराउनुभएको छ । शनिबार एक वक्तव्य जारी गर्दै उहाँले घाइते नागरिकको उपचार तथा प्रभावितलाई आवश्यक प्रबन्ध गर्न आग्रह गर्नुभएको हो ।

पूर्वउपराष्ट्रपतिले भूकम्पमा परी घाइते भएकाको उद्धार र उपचारका लागि सरकारका विभिन्न निकायले देखाएको तदारुकताको प्रशंसा गर्नुभएको छ । उहाँले भूकम्प पीडितको उद्धार, राहत, पुनःस्थापना र भौतिक संरचनाको पुनःनिर्माणमा सहयोग गर्न देश तथा विदेशमा रहनुभएका सबै नेपालीलाई आग्रह गर्नुभएको छ ।

उहाँले नेपाल भूकम्पको उच्च जोखिममा रहेका सन्दर्भमा भूकम्पलगायत सम्भावित प्राकृतिक विपत्‌बाट बच्न तथा कम क्षतिका लागि पूर्वतयारीमा ध्यान दिनसमेत आग्रह गर्नुभएको छ । पूर्वउपराष्ट्रपति पुनले भूकम्पबाट भएको ठूलो मानवीय र भौतिक क्षतिबाट आफू स्तब्ध भएको जनाउनुभएको छ । उहाँले भूकम्पमा परी निधन भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ । उहाँले घाइते हुनुभएकाको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गर्नुभएको छ । जाजरकोटको रामीडाँडालाई केन्द्रबिन्दु बनाइ गएराति ११:४७ मा गएको भूकम्पमा परी ठूलो जनधनको क्षति भएको छ । रासस

भूकम्पबाट प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा जुट्न राप्रपाद्वारा अपिल

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले जाजरकोट भूकम्पबाट प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाको काममा जुट्न सबैलाई अपिल गरेको छ ।

सो पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले शनिबार एक विज्ञप्ति प्रकाशित गर्नु भई जाजरकोट भूकम्पबाट प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाको काममा जुट्न आग्रह गर्नुभएको हो । “जाजरकोट र रुकुम पश्चिमका विभिन्न स्थानमा भूकम्पका कारण ठूलो सङ्ख्यामा भएको मानवीय र भौतिक क्षतिप्रति राप्रपा दुःख प्रकट गर्दछ । विपद्‌को यस घडीमा भूकम्प प्रभावित क्षेत्रमा प्रभावकारी उद्धार, राहत तथा पुनःस्थापनाको काममा जुट्न सरकार, स्थानीय तह, राजनीतिक दल एवं विभिन्न सङ्घसंस्थालाई राप्रपा अपिल गर्दछ । साथै, भूकम्प प्रभावित क्षेत्रमा गइ उद्धार कार्यमा संलग्न हुन राप्रपाका विभिन्न निकायलाई अनुरोध गर्दछौँ”, विज्ञप्तिमा भनिएको छ ।

जाजरकोटको बारेकोट गाउँपालिका-१ रामिडाँडा केन्द्रबिन्दु भएर शुक्रबार राति ६ दशमलव ४ म्याग्निच्युडको भूकम्प गएको हो ।रासस

कर्णाली प्रदेश सभामुख र उपसभामुख सवार गाडी दुर्घटना

गलकोट (बागलुङ) । कर्णाली प्रदेशका सभामुख र उपसभामुख सवार गाडी बागलुङमा दुर्घटनामा परेको छ ।

उक्त गाडीलाई मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक गम्भीर घाइते भएका छन् भने सभामुख सवार गाडीमा क्षति पुगेको छ । बागलुङको ढोरपाटन नगरपालिका-२ मल्कटिबाङस्थित मध्यपहाडी लोकमार्गमा बागलुङबाट रुकुमतर्फ जाँदै गरेको सभामुख र उपसभामुख सवार गाडीमा बुर्तिवाङबाट बागलुङतर्फ आउँदै गरेको मोटरसाईकल ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो ।

रुकुमपूर्व हुँदै कर्णालीतर्फ जाँदै गरेको सभामुख नन्दा गुरूङ र उपसभामुख यशोदा न्यौपाने सवार कर्णाली प्रदेश २-००-१ झ ०० ९३ नम्बरको स्कर्पियो विपरीत दिशाबाट आउँदै गरेको ग ११ प ८१५७ नम्बरको मोटरसाइकलसँग एकआपसमा ठोक्किएर दुर्घटना भएको हो । मोटरसाइकलमा तीनजना सवार थिए । मोटरसाइकल अनियन्त्रित भएर गाडीमा ठोक्किएको थियो ।रासस

पूर्वराष्ट्रपति डा. यादवद्वारा धनजनको क्षतिप्रति दुःख व्यक्त

काठमाण्डु । पूर्वराष्ट्रपति डा रामवरण यादवले रुकुम पश्चिम र जाजरकोटामा गए राति गएको भूकम्पबाट भएको ठूलो मानवीय र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ । पूर्वराष्ट्रपति यादवले राज्यका सबै निकाय तदारुकताकासाथ परिचालित भई पीडित परिवारको तत्काल उद्धार र राहत कार्यलाई प्रभावकारी तुल्याउन सबै तह र तप्कालाई सुझाव दिनुभयो ।

भूकम्पमा परी निधन भएका प्रति श्रद्धान्जली व्यक्ति गर्दै पूर्वराष्ट्रपति डा यादवले शोकसन्तप्त परीवारजनप्रति समवेदना प्रकट गर्नुभएको छ । घाइतेको तत्काल प्रभावकारी र शीघ्र उपचारका लागि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभएको छ । रासस

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदूकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

प्रकाशित मितिः–२०८०/०७/१९

यस शहीदनगर नगरपालिका, धनुषा अन्तर्गत संचालित श्री जनता माध्यमिक विद्यालय कुम्भकरण, शहीदनगर नगरपालिका-१ मा शिक्षण सिकाई अनुदान कोटामा मा.वि. तह (गणित र अंग्रेजी) शिक्षक आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र विद्यालयमा आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

सम्पर्क व्यक्तिः– श्री मोहन यादव (प्र.अ.)

सम्पर्क नं.:– 9816808483, 9816830908



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

राहत र उद्धारमा लागौं, सचेत रहौं

नेपालको जाजरकोट र रुकुम पश्चिम जिल्लामा भूकम्पमा परी जनधनको भारी क्षति भएको छ। मध्यरातिमा आएको भूकम्पले डेढ सय मानिसको ज्यान गएको छ। मृतकमध्ये महिलाहरु धेरै छन् । मध्यरातिमा आएको भूकम्पको कारण घरमा सुतिरहेका मानिसहरु तत्कालै बाहिरिन सकेनन् । भूकम्पको कारण धेरै घर भत्किएका छन् । जाजरकोट केन्द्रबिन्दू रहेको भूकम्पको कारण क्षति पनि जाजरकोटमा नै बढी भएको छ । रुकुमपश्चिम जिल्लामा पनि भारी क्षति भएको छ। पछिल्लो समयमा जाजरकोटलाई केन्द्र बनाएर भूकम्प आइरहेको थियो । तर त्यसको क्षमता कमजोर रहेकाले जनधनको भारी क्षति भएको थिएन् । गएरातिको भूकम्पको धक्का ठूलो थियो । त्यसले अधिकांश कच्ची घरहरुलाई भत्काएको छ। राति घरमा सुतिरहेको बेला आएको भूकम्पका कारण मानिसहरु बाहिर निस्कन सकेनन् । घर भत्किएर अधिकांशको मृत्यु भएको बताइएको छ। घर भत्किदा भित्रबाट महिला पुरुषहरु भाग्न नसक्दा चोट लागेर मृत्यु भएको बताइएको छ । घाइतेहरुको संख्या पनि डेढ सयको हाराहारीमा रहेको छ। अत्यन्त पीडादायी घटनामा परेकाहरुको उद्धार र राहतमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राजनीतिक दलका प्रतिनिधिहरु लगायत जुटेका छन् । सरकारले राहत र उद्धारका लागि सबै संयन्त्रहरुलाई परिचालन गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल‘प्रचण्ड’भूकम्प प्रभावित क्षेत्रमा पुगेका छन् । उनले घाइतेहरुको उपचार र उद्धारका लागि हेलिकोप्टरलाई प्रयोग गर्न निर्देशन दिएका छन् । देशका सबै राजनीतिक दलहरुले राहत र उद्धारमा लाग्न आ-आफ्ना नेता, कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् । राहत र उद्धारका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट प्रयास थालिएको छ । राहत सामग्री उपलब्ध गराउने, इन्धन दिने, बस सेवा निशुल्क गर्ने, खाद्यान्न पुऱ्याउने, राहतका लागि रकम दिने घोषणा बिभिन्न निकायहरुले गरेका छन् । प्रभावित क्षेत्रका पीडितहरुलाई देशैभरिका नेपालीहरुको समवेदना र सहानुभूति पुगेको छ। उपचारका लागि चिकित्सक सहितको स्वास्थ्यकर्मीहरुको टोली भूकम्प प्रभावित क्षेत्रतर्फ लागेका छन् । भूकम्पबाट भएको जनधनको क्षतिलाई दृष्टिगत गरी भूकम्पविद्हरुले थप सतर्कता अपनाउन सुझाएका छन् । भूकम्पबाट थप क्षति हुन नदिन पूर्व तयारी गर्न समेत सरकारलाई आग्रह गरिएको छ । जाजरकोटमा आएको भूकम्पको धक्का तराईमा पनि महसुस गरिएको थियो । हालसम्म अधिकारीहरुले दिएको जानकारी अनुसार जाजरकोट र रुकुम पश्चिम जिल्लाबाहेक अन्यत्र जनधनको क्षति भएको छैन् । अत्यन्त पीडादायी घटनामा दिवंगत भएकाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

समस्याग्रस्त बन्दै मद्येशका शिक्षा

उदय यादव

अहिलेको उच्छृंखल विद्यार्थीलाई अनुशासनमा ल्याउन विचरा शिक्षकलाई के के मापदण्डको अवलम्बन गर्नुपर्दछ भन्ने कुरा केबल शिक्षकलाई नै थाहा हुन्छ यसको बावजुद पनि मासिक तलब त पर नै जाओस् त्रैमासिक निकासा पनि अचेल सर्व सुलभ तथा सहज हुनथालेनन् अब । यसर्थ दिन प्रतिदिन समस्याग्रस्त बन्दै मद्येशको शिक्षण पेशा..... शिक्षण पेशाको गरिमा विगत र वर्तमानः

वास्तवमा शिक्षक जस्ता महान व्यक्तित्व र शिक्षण जस्ता गरिमामय पेशा पहिलेका जति मर्यादापूर्ण र प्रतिष्ठीत् पेशा अचेल नरहेको दिनप्रतिदिनका परिवेशबाट देखिएकोछ । यसका पछाडि धेरै नै कारणहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रतिबिम्त भएको देखिन्छ। जस्तै यस पेसालाई स्वार्थपूर्ण व्यावसायमा परिणत गरिनु, आफना सन्तति र शिष्यकाबीच फरक व्यवहार, तथा मानवीय ईर्ष्याद्धेश र गलत किसिमका प्रतिस्पर्धा ,एक आपसमा शिक्षकहरुबीचमा नै डाहा तथा वैर भावका कुप्रवृतिका नाकारात्मक भावनाबाट ग्रसित आदिका साथ साथै सरकार तथा समाजद्धारा पनि उपरोक्त कमी कमजोरीका दुष्परिणाम स्वरुप हेला तथा हीनदुष्टिकोणबाट सम्मानका साटो सामाजिक तथा राजनैतिक खड्यन्त्रले बीचबीचमा अपमानकै दृष्टिले दुर्व्यवहार गरिनु प्रमुख कारण रहेकोछ । शिक्षकहरुका बीचमा एकता नहुने कमजोरीबाट आम जनताले पनि फाईदा लिने र उचित सम्मान तथा सत्कार नगर्ने गलत प्रवृतिका देखापर्नु पनि यस्तो अवस्था सृजना हुने प्रमुख कारण रहेको छ।

अर्थात् एउटा तीतो सत्य व्यंगात्मक शैलीमा भन्दाखेरि डाक्टरले बीमारी फैली जति बीरामी बढोस् मनाउने,ईन्जिनीयरले जति पनि भवन निर्माण ध्वस्तहुने कामना गर्ने,वकीलले समाजमा खुनी दंगा फंसाद जतिहोस् भनी मनाउने,कर्मचारी देखि प्रशासन सम्म हरेकले भ्रष्टाचार पाएजति गर्ने भने कामना गर्ने तर एउटै शिक्षक जस्ता महान पेसाकर्मीले मेरा विद्यार्थी सबै सफल हुने कामना गर्ने महान पेशाको यस्तो दयनी र दुर्दशाका दिन किन आउनथालेको हो त ?यसकालागि शिक्षक आफु पहिलो जिम्मेबार हो भने दोश्रो सरकार तथा समाजको पनि लापरवाही देखिएको छ। शिक्षक शिक्षकबीचका एकता पहिला मजबुत पार्नुपर्दछ , भने आफनो मर्यादा कायम राख्नाकालागि गुणात्मक शिक्षणले समर्पित बटालियन तयार गरेमात्र समाज तथा सरकारले पनि शिक्षण पेशाालाई मान सम्मानका साथ मर्यादालाई कायम राखने दायित्व सम्भिनेछ।

अचेल नब्बे प्रतिशत भन्दा पनि बढि सामुदायिक विद्यालयहरुमा भने,प्रत्येक कक्षाका लगभग असी प्रतिशत मात्र विद्याथीहरु समान्य रुपले अनुशासित हुन्छन् भने बीस प्रतिश उछृंखल तथा बदमासलाई अनुशासनमा ल्याउन विचरा शिक्षकलाई के के मापदण्ड अपनाउनु पर्दछ अथवा भनौ विशेष मनोवैज्ञानिक विधि अपनाई तिनीहरुका अध्यनप्रति उत्प्रेरणा तथा अभिरुचि जगाउनु पर्दछ त्यो चांहि शिक्षकलाई केबल थाहा हुंदो रहेछ । कतिपय पेरियड त सम्भाउंदा सम्भांउदै बितेकाले पाठ्यक्रमका अनुकुल पाठ्यपुस्तक समयमा सकाउन पनि धौधौ परेको हुन्छ । यो चांहि केबल एक विषयका शिक्षकका हालत हुंदैनन् फेरि , यस मामिलामा प्रत्येक विषयका शिक्षकका हालबेहाल नै हुनेगर्दछ ।

उपरोक्त समस्याको भेल्नु लगायत, अनावश्यक रुपमा ठांउठांउमा कतिपय पालिकामा त समुदायका पदाधिकारी देखि विद्यालय व्यवस्थापनका सदस्य अध्यक्षहरुद्धारा विभिन्न समयमा विभिन्न किसिमका टर्चर पनिदिने गरेको देखिएकोछ । समयका पालन देखि परिक्षा प्रगति रिपोर्ट वा विद्यार्थी प्रगति विवरणले असंतुष्ट भएपछि अन्य कारणहरुमाथि केन्द्रित नगरि उल्टो शिक्षकमाथि नै दोष थुपारिने चेष्टा बराबर गरिन्छ। यो पीडा त आफ्नो ठांउमा छंदैछ। यसका बाबजुद पालिकाद्धारा मासिक तलब निकासा त सपना नै भयो त्रैमासिक परम्परा पनि दुर्भाग्यवस कुनै कुनै टर्ममा भंग भएर शिक्षकहरुलाई असहनिय पीडा अब भोग्नु परिरहेकोछ । हालसालै मद्येश प्रदेशका धनुषालगायत कतिपय जिल्लाहरुमा दशैं जस्तो चांडपर्वका बेला पनि त्रैमासिक तलब निकासा समयमा भएको छैन,दशैं पेश्कीको त कुरै नगरौं ।

यसका ज्वलन्त उदाहरण गतवर्ष क्षीरेश्वर नगरपालिका थियो भने,यसपाली निथिला विहारी नगर पालिकाको हाल बेल रहेको कुरा विभिनन सोशल मेडियाबाट बाहिर आएकोछ । आखिर सरकारले तलव खुवाउने नै हो भने अर्थ मनत्रालयद्धारा समयमा नै तलब बजेटको मार्फत कोष तथा नियन्त्रण कार्यालयमा आई पुग्छ होला,फेरि यति ढिलो चांहि किन ?शिक्षकलाई दुःख दिने नियत तथा दुष्ट मनषाय पालिकाको हो कि कस्को?यस सम्बन्धित सरोकारबालाको चासो किन नगएको हो यदि संधै यस्तो हो भने आज न भोलि यस पेसामा आउनका लागि कुनै पनि नागरिक सहज ठान्ने छैनन् । कारण हरेक समस्या पिच्छे चांहि विद्यालय छाडि आन्दोलन नै गर्नु पर्ने उति संभव हुंदैनन् र आफ्नो नैतिकताले पनि मान्दैनन् फेरि ।

राष्ट्व्यापि विद्यमान् चुनौती तथा कठीनाईहरुः

वस्तवमा भन्ने हो भने शिक्षण पेसाका उपरोक्त समस्याहरुलाई समाधान गर्न सम्बन्धित सबै निकायका लागि एउटा ठुलै चुनौतीका रुपमा सर्वव्यापी फैलिसकेका छन् ।एक दुईटा पालिका बाहेक हरेक प्रदेशका प्रत्येक जिल्लाका समस्याहरु लगभग मिल्दाजुल्दा नै देखिएकोछ। कुनै न कुनै ठाउंमा एउटा न एउटा समस्याले शिक्षकहरुलाई पिरोलेकैछ । कुनै ठांउमा विद्यालय व्यवस्थापन समिति सफल देखिएता पनि अर्का ठाउंमा अनावश्यक तानाशाही प्रवृति पनि लाद्न खोजिएकोछ । अर्कातर्फ संस्थागत विद्यालयका अतिवादी प्रवृति तथा अतिक्रमणले पनि देशव्यापी अथवा राष्ट्व्यापी रुपमा फैलिएकै हो,यसबाट कुनै सामुदायिक विद्यालय चांहि अछुत रहेको छैनन् । यसले पनि ठुलै आंतंक फैलिएर सामुदायिक दिद्यालयलाई जति पनि सिस्टममा ल्याए पनि चाहिएको जतिसक्दो सफलता प्राप्त भएको देखिैदनन् ।

यसका साथसाथै, संस्थागत विद्यालयमा पनि जबकि स्वयं गैर कानुनी रुपमा सञ्चालित भएका पच्चीस देख तीस प्रतिशत जति होला,यसको पनि नियमित सघन रुपमा अनुगमन कसले गर्ने हो?त्यांहां त भन् सबथोक लथालिंग र भताभुंग अवस्थामा देखिएकोछ यतातिर सम्बन्धित सरोकारबालाको किन ध्यान नगएको हो?त्याहां पनि असी प्रतिसत शिक्षक तथा शिक्षिकालाई अनावश्यक रुपमा दमन भएका र सोभा सीधा अभिभावक पनि शोषित भएको देखिएकोछ। त्याहां किन जांदैनन् सम्बन्धित सबै सरोकारबमालाको ध्यान?खाली सामुदायिक विद्यालयलाई कसेर भएनन् नि ?

समाधानका सर्वोत्तम केहि उपाय तथा संयन्त्रहरुः

सर्वप्रथम यस पेशालाई मर्यादीत बनाउन शिक्षक स्वयंले निस्वार्थ रुपमा शिक्षा दान गर्ने अठोट नै लिनुपर्दछ ।बढि व्यापारीकरण तथा दृष्टिले अनावश्यक ढंगबाट व्यावसायिक लाभलिने चेष्टा बन्द गर्नुपर्छ । शिक्षक एकता कायम गरे भन् सशक्तिकरण गरी यसपेशलाई महत्वपूर्ण बनाईदैनन् तब सम्म सरकार तथा समाज दुबैले टेर्दैनन् ।विद्यालय प्रशासनले पनि अनुसाशनहीन छात्रछात्रालाई अभिभावक लाई जानकारी गराईकन उचित एक्शन लिएनन् भने तिनीहरुले गर्दा बांकी सबै विद्यार्थीका मनोबल बिग्रिनेछन जसका परिणाम स्वरुप पठन पाठनका वातावरण नै धमिल्याउने छन् ।यसैगरी सरकारले जब संघियता मार्फत,सबैकिसिमका अधिकार स्थानीयलाई सुमपेकोछ भने,स्थानीय सरकारले शिक्षाक्षेत्रका याबत सबाल तलब निकासा देखि दरबन्दी मिलान सम्मका प्रमुख समस्यालाई समाधान गरीकन यसता संवेदनशील समस्याका समुचित व्यवस्थापन सदाको लागि गरिदनु पर्दछ । अन्यथा यो दशैंका बेलामा पनि प्रत्येक शिक्षकका परिवारले केहि आशा गरेपनि यस्तो निराशा भेल्नु पर्दैनन् ।संघिय सरकारले पनि कम्तीमा भारत , जपान ,जर्मनी ,चाईना आदि देशमा कसरी मर्यादा क्रममा शिक्षक जस्ता गरिमामय जनशक्तिलाई राखेका छन्,त्यसको पनि अनुकरण गर्नु पर्दछ ।किनकी यस्ता शैक्षिक समस्याग्रस्त अस्त व्यस्तता देश व्यापी भए पनि समग्रमा भन्दा अन्य ठांउ वा प्रदेशका तुलनामा बढि चांहि तराई मद्येशकै विद्यालय स्तरीय शैक्षिक तनाव ग्रस्त रहेका अवस्था देखिएको छ ।

मिर्गौला प्रत्यारोपणपछिको जीवनशैली कस्तो हुनुपर्छ ?

डा कल्पना श्रेष्ठ

मिर्गौला प्रत्यारोपण अगाडि मिर्गौलादाता तथा मिर्गौंला लिने मान्छेको सबैं प्रकारको खोज तथा अनुसन्धान गरिन्छ। यस प्रकारको खोज तथा अनुसन्धान विभिन्न चरणहरुमा हुनेगर्छ। जसमा पहिलो, दोस्रो र अन्तिम चरण हुन्छ। मिर्गौला दिइसकेपछि दाताको स्वास्थ्य समस्या आउँछ या आउँदैन भनी विभिन्न प्रकारका अनुसन्धान गरिन्छ। जसमा दाताको शरीरको सम्पूर्ण अंगहरुको परीक्षण गरिन्छ। त्यस्तै मिर्गौला दिने मान्छेको मुटुको अवस्था, शरीरमा इन्फेक्सनको अवस्थाबारे परीक्षण गरिसकेपछि मिगौंला प्रत्यारोपण गरिन्छ।

पहिलो पटक मिर्गौला प्रत्यारोपण गर्नु र दोस्रो पटक गर्नुमा के भिन्नता छ

पहिलो या दोस्रो पटकको मिर्गौला प्रत्यारोपणमा उस्तै प्रकारमा परीक्षणहरु आवश्यक पर्छ। पहिलो पटकको प्रत्यारोपणको तुलनामा दोस्रो पटकको प्रत्यारोपणमा बढी सावधानी अपनाउन आवश्यक छ। मिर्गौला प्रत्यारोणका क्रममा प्रत्येक व्यक्तिलाई रोगसँग लड्न सक्ने क्षमता कम गराउने औषधिको सेवन गराइन्छ। त्यसकारण मिर्गौला प्रत्यारोपण गरेका व्यक्तिहरुमा रोगसँग लड्न सक्ने क्षमता एकदमै कम हुने गर्छ। जसले शरीरमा इन्फेक्सनको खतरालाई बढाउँछ ।

पहिलो कुरा त मिर्गौला दातालाई मिर्गौला दिएकै कारण कुनै प्रकारको हानी नोक्सानी हुनु हुँदैंन। मिर्गौला दाताको मिर्गौंलाको काम गर्ने क्षमता कति छ पत्ता लगाउन चिकित्सकले परीक्षण गर्ने गर्छन्। सबै मानिसहरुमा दुवै मिर्गौलाले काम गर्न सक्ने क्षमता बराबर नहुन पनि सक्छ। चिकित्सकले कुनै पनि व्यक्तिको मिर्गौलाले कति काम गरिरहेको छ भन्ने पत्ता लगाइसकेपछि मिर्गौला दाताको बढी मात्रामा काम गरिरहेको मिर्गौला ननिकाली कम काम गरिरहेको मिर्गौंला निकाल्ने गरिन्छ। सकेसम्म मिर्गौला दाता र लिने मान्छेको उमेर उस्तै उस्तै भएको राम्रो मानिन्छ ।

प्रत्यारोपण पछिको दैनिकी

मिर्गौला प्रत्यारोपण पछिको ३ महिना स्वास्थ्यका दृष्टिकोणले बढी संवेदनशील मानिन्छ। सामान्यतया मिर्गौला प्रत्यारोपणपछि ५ दिनमा बिरामीलाई अस्पतालबाट डिस्चार्ज गरिन्छ। जुन एकदमै संवेदनशील समय हो। यतिबेला बिरामीलाई उच्च डोज भएका औषधिहरु दिने गरिन्छ। त्यसकारण यतिबेला बिरामीलाई बढी इन्फेक्सनको खतरा हुन्छ। प्रत्यारोपणपछि साताको दुई पटकसम्म पनि स्वास्थ्य परीक्षणका लागि बोलाउने गरिन्छ। यतिबेला बिरामीको इन्फेक्सनको खतरा छ छैन, औषधीको थपघट गर्नुपर्ने अवस्था भए नभएको परीक्षण गरिन्छ। त्यस्तै प्रत्यारोपणको २ वर्षसम्म बिरामीले महिनाको एक पटक चिकित्सकसँग फ्लोअप गराउनुपर्ने हुन्छ।



मिर्गौला प्रत्यारोपणका क्रममा आउन सक्ने जटिलता

मिर्गौला प्रत्यारोपणका क्रममा मेडिकल तथा सर्जिकल गरी दुई प्रकारका जटिलता आउन सक्छन्। मेडिकल समस्या अन्तर्गत इन्फेक्सनको खतरा हुनसक्छ। रक्तस्राव हुने, लिकेज हुने जस्ता समस्या मिर्गौला प्रत्यारोपणका क्रममा आउन सक्ने सर्जिकल जटिलता हुन् ।

यदि प्रत्यारोपणले बिरामीको स्वास्थ्यमा खतराको स्थिती सृजना गर्छ भने चिकित्सकले मिर्गौला प्रत्यारोपणका लागि सुल्झाउँदैंनन्। मिर्गौला प्रत्यारोपणको विकल्प भएकोले पनि प्रत्यारोणले बिरामीमा खतराको स्थिती आउन सक्ने देखिएमा प्रत्यारोपण गर्रिंदैन ।

नेपालमा मिर्गौला प्रत्यारोपणको अवस्था

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मिर्गौला प्रत्यारोपणको अवस्थालाई हेर्ने हो भने वार्षिक २ सय भन्दा बढी मिर्गौला प्रत्यारोपण हुने गरेको छ। एक हप्ता ८ वटासम्म प्रत्यारोण हाम्रो संस्थाले गर्ने गरेको छ। कलेजो प्रत्यारोणले समेत नेपालको सरकारी स्तरको संस्थामा गति लिइरहेको अवस्था छ। प्रत्यारोपण केन्द्र नहुनु तथा प्राविधिकहरुको कमीको कारण अझै नेपालमा सन्तोषजनक अवस्थामा मिर्गौला प्रत्यारोपण हुन सकेको छैन। नेपालमा अझै पनि प्रत्यारोपण केन्द्रको स्थापना हुनु आवश्यक छ ।

मिर्गौला दान गरिसकेपछि महिलाले गर्भवती हुन मिल्छ या मिल्दैंन

मिर्गौला दान गरेकै कारण महिलाले गर्भवती हुनबाट वञ्चित हुनुपर्दैन। त्यसकारण मिर्गौला दाता महिलाले स्त्री तथा प्रसूती रोग विशेषज्ञसँग परीक्षण गराएपछि मात्रै हामीले उक्त महिलाको मिर्गौला निकाल्ने गर्छौ ।

मिर्गौला प्रत्यारोपण गरिएका व्यक्तिहरुले अपनाउनुपर्ने स्वास्थ्य सावधानी

मिर्गौला प्रत्यारोपणपश्चात् व्यक्तिले स्वास्थ्य स्याहारमा विशेष ध्यान दिनुपर्ने हुन्छ। जसमा समयमा नै औषधि सेवन गर्ने, इन्फेक्सनबाट बच्ने,खानपानमा विशेष ध्यान दिनुपर्ने जस्ता कुराहरु पर्ने गर्छन्। त्यस्तै मिर्गौला प्रत्यारोपण गरेका व्यक्तिहरुले निरन्तर फ्लोअफ उपचारमा ध्यान दिनुपर्ने हुन्छ। मिर्गौला प्रत्यारोपण गरेपछिको पहिलो ३ महिना एकदमै जोखिमपूर्ण हुने भएकोले विशेष सावधानी अपनाउनु आवश्यक हुन्छ। मिर्गौला दाताले भने सामान्यतया ३ देखि ७ दिन मात्रै औषधि सेवन गर्नुपर्ने हुन्छ। (लेखक मिर्गौला रोग विशेषज्ञ हुन् ।)

घाइतेको उद्धार र राहतमा कमी हुन नदिन उपप्रधानमन्त्री श्रेष्ठको निर्देशन

काठमाण्डु । उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले भूकम्प प्रभावितको उद्धार र उपचारमा कुनै कमी हुन नदिन आवश्यक निर्देशन दिनुभएको छ। गृहमन्त्रालयमा जारी आकस्मिक बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले सरोकारवाला सबैलाई उद्धार, राहत तथा खोजीमा कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभएको हो।

गृह मन्त्रालयमा बसेको बैठकमा स्वास्थ्य मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतको उपस्थिति छ।

गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराईले भूकम्प प्रभावित क्षेत्रमा नेपाली सेनाको हेलिकोप्टरमार्फत प्रारम्भिक राहत सामग्री पठाइसकिएको जानकारी दिनुभयो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जाजरकोट, रुकुम पश्चिम, रुकुम पूर्व, रोल्पा, सुर्खेत, बाँके र दाङका टोलीहरू उद्धारमा खटिएको उहाँको भनाइ छ।

भूकम्पप्रभावित क्षेत्रमा मेडिकल टोली परिचालित भइसकेको छ । सुरक्षा निकायको स्थानीय मेडिकल टिमका अतिरिक्त सशस्त्र प्रहरी अस्पताल, वीर अस्पताल र सैनिक अस्पतालबाट गरी ११ जनाको मेडिकल टोली बिहानै स्काइ ट्रकमार्फत प्रभावित क्षेत्रमा पुगिसकेको छ।

गए राति जाजरकोटको बारेकोट गाउँपालिका-१ रामिडाँडा केन्द्रबिन्दु बनाइ गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पले जाजरकोट र रुकुम पश्चिमका कतिपय ठाउँमा मानवीय र भौतिक क्षति पुऱ्याएको छ ।रासस

अर्थतन्त्र सकारात्मक बाटोमा छ : अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र सकारात्मक बाटोमा अघि बढिरहेको बताउनुभएको छ। नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को १५औँ वार्षिकोत्सव समारोहमा उहाँले सकारात्मकतर्फ उन्मुख अर्थतन्त्रलाई थप चलायमान बनाउन सबै सरोकारवाला संयमित भएर लाग्नुपर्ने खाँचो औँल्याउनुभयो।

“देशको अर्थतन्त्र विस्तारै सकारात्मकतर्फ उन्मुख छ, अब आमजनमानसमा आत्मविश्वास र सकारात्मका सोचको खाँचो छ”, अर्थमन्त्री डा महतले भन्नुभयो, “सबैले नकारात्मक कुरा गरेर लगानीकर्ता निरुत्साहित र उपभोक्तामा द्विविधा सिर्जना हुन दिनु हुँदैन, त्यसैले अर्थतन्त्रलाई चलायमान बनाउन अहिलेको अवस्थामा आत्मविश्वास बढाउनुपर्ने अपरिहार्यता छ।”

उहाँले विभिन्न चुनौतीबीच लयमा रहेको अर्थतन्त्रलाई चलायमान बनाएर दिगो हिसाबले आर्थिक वृद्धि गर्दै त्यसलाई आमनागरिकको पहुँचमा पुऱ्याइनुपर्ने खाँचो औँल्याउनुभयो। उहाँले भन्नुभयो, “विश्वव्यापीरूपमा सिर्जित विभिन्न सङ्कट र मन्दीले समग्र अर्थतन्त्रमा नकारात्मक असर परेकाले अर्थतन्त्रमा देखिएको चुनौतीको समाधान गर्न समय लाग्छ। नेपालका सन्दर्भमा बाह्य सूचाङ्क राम्रो छ, राजस्व पनि अघिल्लो वर्षको तुलनामा बढेको, घरजग्गा कारोबार पनि बढेको र विप्रेषण पनि बढिरहेको तथा विदेशी पर्यटक आगमन पनि ऐतिहासिकरुपले बढेकाले यसबाट आर्थिक गतिविधि चलायमान गर्न मद्दत गर्ने विश्वास छ।”

अर्थमन्त्री डा महतले विश्व बैंक, एशियाली बैंकलगायत दातृ निकायलाई नेपालको आर्थिक विकासमा सहभागी हुन पहलकदमी गरिएको र आगामी दिनमा थप लगानी भित्रनेमा विश्वास व्यक्त गर्नुभयो। उहाँले सहज ढङ्गबाट लगानी प्रवर्द्धन गरी अर्थतन्त्रलाई चलायमान बनाउने सरकारको नीति रहेको स्पष्ट पार्नुभयो।

नेपालमा छिट्टै लगानी सम्मेलन गरेर विदेशी लगानी भित्र्याउने र स्वदेशी लगानीलाई पनि प्रोत्साहन गर्ने सरकारको योजना रहेको जानकारी दिनुभयो।

अर्थतन्त्रका सबै सूचक सकारात्मक : गभर्नर

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रका सबै सूचक सकारात्मक रहेको बताउनुभयो । उहाँले विदेशी मुद्रा सञ्चिति राम्रो रहेको तथा अर्थतन्त्रका अन्य क्षेत्रहरूमा सकारात्मक रहेकाले अहिले आत्तिहाल्नुपर्ने अवस्था नरहेको बताउनुभयो।

गभर्नर अधिकारीले सरकार र निजी क्षेत्रको साझेदारीतामा ठूला परियोजना अघि बढाउन जरुरी भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “फलाम खानी उत्खनन्, ठूला सडक निर्माणलगायत उद्योग परियोजना अघि बढाउन जरुरी छ, जसले रोजगारी सिर्जना हुने, पैसा परिचालन हुने र समग्र अर्थतन्त्रलाई नै चलाउमान बनाउन मद्दत पुग्छ।”

उहाँले राजस्व पनि सुधारको दिशामा रहेको, आन्तरिक ऋण उठिरहेको, बैंक तथा वित्तीय संस्थामा निक्षेत्र पर्याप्तमात्रामा रहेको तथा पर्यटक पनि उल्लेख्य सङ्ख्यामा वृद्धि भएकाले आर्थिक वृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

अर्थतन्त्रलाई थप चलायमान बनाइनुपर्छ- निजी क्षेत्र

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सकारात्मक दिशामा रहेको मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउन सरकार र निजी क्षेत्रले समन्वय र सहकार्य फराकिलो बनाउन जरुरी भएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, “अर्थतन्त्र सहज अवस्थामा छ, यसको प्रभावकारी सुधारका लागि नयाँ सोचका साथ अघि बढ्न जरुरी छ। विदेशी मुद्रा सञ्चिति राम्रो रहेको, विदेशी पर्यटक बढेको अवस्थाले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पुग्नेछ।”

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले मुलुकको अर्थतन्त्रललाई सुधारको दिशामा अघि बढाउन नीतिगत र संरचनागत सुधार अपरिहार्य भएको उल्लेख गर्नुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले अर्थतन्त्रलाई पूर्ण चलायमान बनाउन सबै सरोकारवालाबीच बहज र पैरबी आवश्यक भएको बताउनुभयो । नाफिजका अध्यक्ष मोदनाथ ढकालले आर्थिक पत्रकारिता र अर्थतन्त्रको श्रीवृद्धिमा संस्थाले भूमिका खेल्दै आएको उल्लेख गर्नुभयो।

तीन पत्रकार पुरस्कृत

नाफिजको वार्षिकोत्सवका अवसरमा आर्थिक पत्रकारितामा योगदान गर्ने तीन पत्रकारलाई नगदसहित पुरस्कृत गरिएको छ।

नगद रु एक लाखसहित शारदा-ढुन्डिराज नाफिज आर्थिक पत्रकारिता पुरस्कार रातोपाटी डटकमका प्रयास श्रेष्ठलाई प्रदान गरियो । त्यस्तै जनही रु ५० हजार राशिको बैंकिङ पत्रकारिता पुरस्कारबाट पत्रकारद्वय क्रमशः आर्थिक मिडिया सञ्चालक सङ्घ (इमान) का अध्यक्ष रोयल आचार्य र विकास न्यूज डटकमका पत्रकार सन्तोष रोकायालाई प्रदान गरिएको छ ।रासस

भूकम्प प्रभावित क्षेत्रमा उद्धार र राहतमा सरकारका सबै संयन्त्र परिचालनः अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले भूकम्प प्रभावित क्षेत्रमा तत्काल उद्धार र राहतमा सरकारका सबै संयन्त्र प्रभावकारी रूपमा परिचालन गरिरहेको बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को १५औं वार्षिकोत्सव समारोहमा उहाँले गएरातिदेखि नै भूकम्पपीडितको राहत र उद्धारमा तीनै तहका सरकारअन्तर्गत सबै संयन्त्रहरू परिचालित भइरहेको जानकारी दिनुभयो । भूकम्पबाट पश्चिम नेपालको खासगरी रुकुम र जाजरकोट जिल्लामा ठूलो जनधनको क्षति भएको विवरणहरू प्राप्त भइरहेको जनाउँदै अर्थमन्त्री डा महतले यस विपत्तिको घडीमा सबै पक्षबाट सहयोगका लागि अपिल गर्नुभयो । उहाँले भूकम्पबाट ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा हार्दिक समवेदन प्रकट गर्नुभयो।

अर्थमन्त्री डा महतले प्राकृतिक विपत्तिका घटनाको दीर्घकालीन समाधान र तयारीका निम्ति आवश्यक कार्य गर्न जरुरी भएको उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भूकम्पपीडितको राहतका लागि महासङ्घले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले पनि भूकम्प प्रभावित क्षेत्रमा आर्थिक सहयोग गर्ने बताउनुभयो ।रासस

पीडितको उद्धार, राहत र शीघ्र उपचारका लागि राष्ट्रपतिद्वारा प्रधानमन्त्रीलाई आग्रह

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भूकम्पपीडितको उद्धार, राहत र घाइतेको शीघ्र उपचारको व्यवस्थापनलाई तीव्रता दिन सरकारसँग आग्रह गर्नुभएको छ।

राष्ट्रपति पौडेलले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भूकम्पबाट भएको धनजनको क्षतिका बारेमा जानकारी लिँदै उद्धार, राहत तथा तथा घाइतेको शीघ्र उपचारको प्रबन्ध मिलाउन आग्रह गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

राष्ट्रपति पौडेलले विपत्तिमा आवश्यकपर्ने सबै प्रकारको व्यवस्थापनका लागि पनि आग्रह गर्नुभएको छ। उहाँले यसअघि भूकम्पबाट भएको मानवीय र भौतिक क्षतिले आफू मर्माहत भएको जनाउँदै विपद्को घडीमा मानवीय भावले उद्धार, राहत घाइतेको उपचारमा जुट्न सरकार तथा सबै राजनीतिक, दल, जनप्रतिनिधि र आमनागरिकलाई अपिल गर्नुभएको थियो।

जाजरकोटको बारेकोट गाउँपालिका वडा नं १ रामिडाँडा केन्द्रबिन्दु भएर शुक्रबार राति ६ दशमलव ४ म्याग्निच्युडको भूकम्प गएको थियो।

सो भूकम्पको जाजरकोट र त्यसको छिमेकी जिल्ला रुकुमपश्चिममा ठूलो क्षति पुगेको छ। हालसम्म जाजरकोट र रुकुमपश्चिममा जिल्लामा गरी कम्तीमा एक सय ३६ जनाको मृत्यु भएको र सयौँ घाइते भएका छन्। रासस

एमालेद्वारा शुभकामना तथा चियापान कार्यक्रम स्थगन

काठमाण्डु। नेकपा (एमाले)ले शनिबार दसैं, तिहार, छठ र नेपाल संवत्मा राखेका शुभकामना कार्यक्रम स्थगित गरेको छ।

एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले विभिन्न जिल्लामा पार्टीले आज राखेका शुभकामना आदानप्रदान तथा चियापानका सबै कार्यक्रम स्थगित गर्न निर्देशन दिइएको जानकारी दिनुभयो । उहाँले राहत र उद्धारको काममा केन्द्रित हुनपर्ने भएकाले पार्टीका तर्फबाट आयोजित शुभकामना कार्यक्रम स्थगन गरिएको बताउनुभयो।

एमालेले विपत् र शोकको यस समयमा सुर्खेत, नेपालगञ्ज, काठमाडौँका पार्टीका कमिटीलाई उपचार, अस्पतालको व्यवस्थापन र घाइतेका लागि आवश्यक रगत सङ्कलनमा सहयोग गर्न आग्रह गरेको छ ।रासस

सरकारले जाजरकोट र रुकुम पश्चिमलाई रु पाँच/पाँच करोड सहायता उपलब्ध गराउने

काठमाण्डु । सरकारले भूकम्पबाट बढी प्रभावित जाजरकोट र रुकुम पश्चिम जिल्लालाई केन्द्रीय राहत व्यवस्थापन कोषबाट तत्काल रु पाँच/पाँच करोड आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा आज बसेको सरोकारवालाको बैठकले राहत वितरणलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने निर्णय गरेको छ। कम्बल, पाल, खाद्यान्न पठाउने काम भइसकेको र अपुग भएको अवस्थामा तुरुन्तै खबर गर्न प्रादेशिक सरकार र जिल्ला व्यवस्थापन समितिलाई निर्देशन दिइसकिएको बैठकपछि उपप्रधानमन्त्री श्रेष्ठले जानकारी दिनुभयो।

“जिल्ला विपद् व्यवस्थापनका सम्पूर्ण संयन्त्रबाट आवश्यक सम्पूर्ण जनशक्ति खटिइएका छन् । सङ्घीय, प्रदेश र स्थानीय सरकारसँग समन्वय गरेर पीडितको खोजी, उद्धार र राहतका काम अगाडि बढाइरहेका छौँ”, उहाँले भन्नुभयो । भूकम्पका कारण अवरुद्ध सडकलाई केही घन्टाभित्रै खुलाउने गरी सडक विभागलाई निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो।

भूकम्पमा परी घाइते भएकाको स्वास्थ्य उपचारका निम्ति चिकित्सक प्रभावित क्षेत्रमा पुगिसेकेको, स्वास्थ्य सामग्रीका साथै औषधि प्रभावित क्षेत्रमा पुगिसकेको उहाँको भनाइ छ। “थप सामग्री आवश्यक परेको अवस्थामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तत्कालै व्यवस्था गर्ने निर्णय भएको छ”, उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो । मृतकको शव व्यवस्थापनका लागि विशेष टोली खटिइएको जानकारी दिँदै उहाँले सो टोलीले मुचुल्कासहित आवश्यक सदगत्को व्यवस्था गर्ने बताउनुभयो । उद्धारका लागि सबै सुरक्षा निकाय खटिइएको, थप सुरक्षा बल त्यसतर्फ पठाइने उहाँले जानकारी दिनुभयो।

एक सय ३८ को मृत्यु, एक सय ६१ घाइते

उपप्रधानमन्त्री श्रेष्ठले भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा हालसम्म एक सय ३८ जनाको मृत्यु तथा एक सय ६१ जना घाइते भएको जानकारी दिनुभयो। जाजरकोट र रुकुम पश्चिममा ठूलो सङ्ख्याका घाइते रहेको उहाँको भनाइ छ । दैलेख, रोल्पा र जुम्लामा सात जना घाइते भएका छन्।

उपप्रधानमन्त्री श्रेष्ठले घाइतेको शीघ्र उपचारलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो। “प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ स्वयम् घटनालाई चासोका साथ लिएर प्रभावित क्षेत्रमा खट्नुभएको छ। उहाँकै निर्देशनमा घाइतेको उपचारलाई पहिलो प्राथमिकता दिइएको छ”, उहाँले भन्नुभयो।

सामान्य घाइतेको स्थानीय अस्पताल तथा गम्भीर घाइतेको सुर्खेत र नेपालगञ्जस्थित अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो । ट्रमा सेन्टर र अन्य ठूला अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिइएको उहाँको भनाइ छ । सुर्खेतलाई मुल ‘बेस’ बनाएर भूकम्पपीडितको उद्धार तथा राहत वितरणको कार्य सञ्चालन भइरहेको मन्त्रालयले जनाएको छ । यसैगरी नेपालगञ्जलाई सहायक बेस बनाएर आवश्यक जनशक्ति र सरसामग्रीको व्यवस्था गरिएको बताइएको छ। रासस

भूकम्पपीडितलाई भेटेर प्रधानमन्त्रीले भन्नुभयो- सरकार तपाईंहरूको साथमा छ

रुकुम पश्चिम । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले रुकुम पश्चिममा पुगी भूकम्पमा परी घाइते भएकासँग भेट गर्नुभएको छ। भूकम्प प्रभावित क्षेत्र अनुगमनका लागि शनिबार विहान जाजरकोट र रुकुम पश्चिम आइपुग्नुभएका प्रधानमन्त्री दाहालले सोही क्रममा रुकुम पश्चिमको विभिन्न अस्पतालमा रहेका घाइतेलाई भेट्नु भएको हो।

बिहान जाजरकोट पुग्नुभएका प्रधानमन्त्री दाहाल खलङ्गामा रहेको जिल्ला अस्पतालमा घाइतेलाई भेट गरेपछि रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा रहेको मिसन अस्पतालमा पुग्नुभएको थियो।

उहाँले जाजरकोटबाट केही घाइतेलाई आफू चढेको हेलिकोप्टरमा उद्धार गरेर चौरजहारीसम्म पुऱ्याउनुभएको थियो । चौरजहारीबाट ती घाइतेलाई सुर्खेत अस्पताल लगिएको छ। चौरजहारी अस्पतालमा घाइतेलाई भेट गर्नुभएका प्रधानमन्त्री दाहाल सानीभेरी गाउँपालिकामा रहेको पालिका अस्पताल छोटेबगर, जिल्ला अस्पताल सल्ले र आठबिसकोट नगर अस्पतालमा पुगेर घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो।

प्रधानमन्त्री दाहालले घाइतेको उपचारमा सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । रुकुमपश्चिम र जाजरकोटले ठूलो विपत्ति भोग्नुपरेको भन्दै नआत्तिन आग्रह गर्नुभयो। “भूकम्पका कारण भएको क्षतिप्रति हामी दुःखी छौँ। सरकारले तपाईंहरूका लागि उद्धार, राहत र अन्य विभिन्न कार्यक्रम गर्नेछ। तपाईंहरू नआत्तिनु होला”, प्रधानमन्त्री दाहालले भन्नुभयो।

साथै उहाँले सरकार भूकम्पपीडितको साथमा रहेको बताउनुभयो । भूकम्प गएको थाहा पाउनेबित्तिकै उद्धारको काममा कुनै कसर बाँकी नराख्ने योजनाका साथ सरकार लागिपरेको उहाँको भनाइ थियो । भूकम्पपीडितलाई भेट्न वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत र प्रतिनिधिसभा सदस्य जनार्दन शर्मा पनि प्रधानमन्त्रीसँगै यहाँ आइपुग्नुभएको थियो । प्रधानमन्त्री दाहाल आज बिहान स्वास्थ्यकर्मीको टोलीसहित प्रभावित ठाउँमा आइपुग्नुभएको हो। रासस

विपद्को सूचना सम्प्रेषणमा थप संवेदनशील बनौँ : मन्त्री शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विपद्का समयमा गरिने सूचना सम्प्रेषणको महत्व र संवेदनशीलता बुझ्न सबै सञ्चारकर्मीलाई आग्रह गर्नुभएको छ।

सञ्चार मन्त्रालयअन्तर्गतको ‘इमरजेन्सी टेलिकम्युनिकेशन क्लस्टर’ (इटिसी) को शनिबार बसेको बैठकमा उहाँले भूकम्पको समाचार सम्प्रेषणमा थप संवेदनशील बन्न आग्रह गर्नुभएको हो।

यस्तो विपद्का समयमा सरकार मातहतका सञ्चारमाध्यमको विशेष भूमिका र दायित्व रहने भन्दै मन्त्री शर्माले राष्ट्रिय समाचार समिति, गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनलाई निर्देशन दिनुभयो।

मन्त्री शर्माले भन्नुभयो, “हुनतः सूचनाको महत्व सधैँ छ यहाँहरूले बुझी नै रहनुभएको छ। तर पनि यस्तो विपद्का बेलामा सम्प्रेषण हुने सही समाचारले विपद् न्यूनीकरणलाई सघाउँछ र भ्रमपूर्ण समाचारले पीडितलाई थप पीडा पुग्नुका साथै उद्धारको कामलाई उल्टो प्रभावित पार्छ। त्यसैले यस्तो बेलामा समाचार सम्प्रेषण गर्दा थप संवेदनशील हुनुपर्छ।”

सत्यतथ्य र सही समाचारको सम्प्रेषणले राहत तथा उद्धारमा खटिएका सुरक्षाकर्मी, उद्धारकर्मी तथा सरकारलाई पनि सहज हुने भन्दै प्रभावित क्षेत्रका पीडित नागरिकलाई सहायता पुग्ने र उद्धारकर्मीलाई सहज हुनेगरी सत्यतथ्य सूचना सम्प्रेषण गर्न आग्रह गर्नुभएको हो।

यस्तो विपद्का बेला पनि कहीँकतै भ्रमपूर्ण र आधारहीन सूचना सम्प्रेषण हुने गरेका र यसबाट विपद्मा परेकाको सहयोग र उद्धारको सट्टा उल्टै भ्रम सिर्जना भई पीडितमा थप पीडा पुग्ने भएकाले यसतर्फ सजग रहन पनि उहाँले सरकार मातहतका सञ्चारमाध्यमलाई विशेष निर्देशन दिनुभयो । त्यसैगरी भूकम्पपछिको ७२ घण्टा सतर्क रहनुपर्ने समय भनिएकाले सोहीबमोजिम आ-आफ्ना सेवालाई निरन्तर राख्दै नागरिकलाई सूचनाका माध्यमबाट सतर्कता अपनाउने वातावरण निर्माण गर्न उहाँले निर्देशन दिनुभयो।

उहाँले सामाजिक सञ्जालमा नागरिक तर्सिने खालका भ्रमपूर्ण प्रकृतिका सूचना आएमा त्यसलाई निस्तेज पार्नेगरी सही र पीडितको राहत र उद्धारका काममा सहयोग पुग्ने खालका सूचना निर्माण गरी प्रभावकारीरूपमा सम्प्रेषण गर्न निर्देशन दिनुभयो।

मन्त्री शर्माले जाजरकोट र रुकुमपश्चिममा सञ्चार अवरुद्ध हुन नदिन, सञ्चारमा नेटवर्कको समस्या देखियो भने तत्कालै समाधान गर्नका लागि प्राविधिक टोली खटाउन र त्यहाँ भूकम्पको उद्धारसम्मका लागि सञ्चारको निःशुल्क र चुस्तदुरुस्त बनाउन नेपाल टेलिकमलाई निर्देशन दिनुभयो। त्यसैगरी प्रभावित जिल्लामा विद्युत् सेवा अवरुद्ध हुन नदिनका लागि पनि सम्बद्ध निकायसँग आवश्यक समन्वय गर्न पनि उहाँले निर्देशन दिनुभएको थियो।

मन्त्री शर्माले तत्कालका लागि उद्धारको काम जारी रहेकाले त्यसमा ध्यान दिन र त्यसपछि राहतका काममा पनि सम्बद्ध सबै निकाय तथा व्यक्ति परिचालन हुने कार्यलाई सहजीकरण गर्न नेपाल सरकारका सबै निकायले आआफ्ना स्थानबाट पहल कदमी दिन पनि आग्रह गर्नुभयो।

सञ्चार मन्त्रालयअन्तर्गतको ‘इमरजेन्सी टेलिकम्युनिकेशन क्लस्टर’ (इटिसी) को बैठक आज सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बसेको थियो । सो बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका विभाग तथा कार्यालयका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो। रासस

गण्डकी प्रदेशले भूकम्प प्रभावित क्षेत्रमा पठायो चिकित्सक र स्वास्थ्य सामग्री

पोखरा। गण्डकी प्रदेश सरकारले गएरातिको भूकम्पबाट प्रभावित क्षेत्रमा स्वास्थ्य सामग्रीसहितको चिकित्सक र स्वास्थ्यकर्मीको टोली पठाएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शनिबार एक अपिल जारी गरी प्रभावित क्षेत्रमा मानवीय सहायता पुऱ्याउने उद्देश्यले चिकित्सकसहितको टोली त्यसतर्फ पठाइएको जानकारी दिनुभयो।

सरकारले प्रदेश सरकार मातहतको सङ्क्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा विकास गौचनको नेतृत्वमा मेडिकल, हाडजोर्नी र एनेस्थिसियाको विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मी का साथै उपचार सामग्री भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा पठाएको हो । स्थलमार्ग हुँदै जाने टोली आइतबार बिहान रुकुम पुग्ने र भूकम्पबाट घाइतेको उपचारमा खटिने छन् । अपिलमा मुख्यमन्त्री पाण्डेले जाजरकोट र रुकुमपश्चिममा भएको ठूलो मानवीय तथा भौतिक क्षतिको घटनाले मर्माहत बनाएको उल्लेख गर्नुभएको छ।

“विपद्को यस घडीमा भूकम्प प्रभावित क्षेत्रमा प्रभावकारी उद्धार तथा राहतको काममा जुट्न विभिन्न सङ्घसंस्था तथा नागरिक समाजलगायत सम्बन्धित सबैलाई प्रदेश सरकार अपिल गर्दछौँ”, अपिलमा भनिएको छ।

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारकोतर्फबाट प्रभावित क्षेत्रका नागरिकको उद्धार, उपचार, राहत, पुनःनिर्माणलगायतका कार्यमा कर्णाली प्रदेश सरकारसँगको समन्वयमा आवश्यक सहयोग गर्ने प्रयास निरन्तर रहने बताउनुभएको छ ।रासस

गाजाको अस्पताल नजिक एम्बुलेन्समा भएको आक्रमणबाट आफू स्तब्ध भएको डब्लुएचओ प्रमुखको भनाइ

एएफपी

तेल अभिभ । गाजाको सबैभन्दा ठूलो अस्पताल नजिकै एउटा एम्बुलेन्समा इजरायलले गरेको घातक आक्रमणका कारण आफू स्तब्ध भएको विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले बताउनुभएको छ । गाजा शहरको अल-शिफा अस्पतालबाहिर क्षतिग्रस्त एम्बुलेन्सको छेउमा आफुले थुप्रै शव देखेको एएफपीका एक पत्रकारले बताए । प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले उक्त घटनामा १३ जनाको मृत्यु भएको जनाएको छ।

हमासको प्रभावमा रहेको प्यालेष्टिनी सरकारले पनि इजरायली सेनाले गाजा शहरबाट इजिप्टसँग जोडिएको राफा सीमा नाकातर्फ घाइतेहरूलाई ओसारपसार गरिरहेको एम्बुलेन्समाथि पनि आक्रमण गरेको बताएको छ। इजरायली सेनाले युद्ध क्षेत्रमा हमासको लडाकू समूहले प्रयोग गरेको भनी सेनाले पहिचान गरेको एम्बुलेन्समा हवाई आक्रमण गरेको जनाएको छ।

इजिप्टको स्वास्थ्य मन्त्रालयले अल-शिफामा भएको 'घटना' मा घाइते बनेका २८ प्यालेस्टिनीलाई शुक्रबार इजिप्टका अस्पतालमा उपचारका लागि लगिएको जनाएको छ। गत अक्टोबर ७ मा हमासले इजरायली क्षेत्रमा गरेको रक्तपातपूर्ण आक्रमणमा परी एक हजार ४०० भन्दा बढी व्यक्तिको मृत्यु भएको इजरायली अधिकारीहरूले बताएका छन् भने हमास शासित गाजा क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली कारबाहीमा नौ हजार २२७ जनाभन्दा बढीको मृत्यु भएको छ।

सर्वसाधारणको हताहत रोक्न इजरायली पक्षसाग अमेरिकाको आग्रह

अमेरिकाका शीर्ष कूटनीतिज्ञ एन्टोनी ब्लिन्केनले गाजामा रहेका प्यालेस्टिनी नागरिकको सुरक्षाका लागि थप कदम चाल्न आफ्नो सहयोगी देश इजरायलका नेताहरूलाई आग्रह गर्नुभएको छ। शनिबार उहाँले द्वन्द्वका कारण नागरिकको मृत्यु हुनेको सङ्ख्याबारे चिन्ता र आक्रोश व्यक्त गरेका पाँच अरब मुलुकका विदेशमन्त्रीसँग छिमेकी जोर्डनमा वार्ता गर्ने कार्यक्रम रहेको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूसँगको भेटपछिअमेरिकी विदेशमन्त्री ब्लिन्केनले बन्धकहरूको रिहाई सुनिश्चित गर्न र गाजाको सङ्कटग्रस्त जनसङ्ख्यालाई सहायता वितरण गर्न अनुमति दिन 'मानवीय विराम' को विचारबारे छलफल भएको बताउनुभएको छ । उहाँले पत्रकारसँग भन्नुभयो, "मानवीय विरामहरूले जमीनमा आवागमनलाई सुविधाजनक बनाउनेछ र प्यालेष्टिनी सर्वसाधारणको सुरक्षा बढाउनेछ र मानवीय सहायताको अधिक प्रभावकारी र दिगो वितरणलाई अनुमति दिनेछ भन्ने हामी विश्वास गर्दछौं।"

उहाँले प्यालेस्टिनी राज्यको अन्तिम मान्यताका लागि वासिङ्टनको लामो समयदेखिको समर्थनलाई दोहोऱ्याउनुभयो । उहाँले भन्नुभयो, "यहूदी र इजरायलका दुई थरी जनताका लागि स्थायी सुरक्षा सुनिश्चित गर्ने यो एक मात्र तरिका हो।" नेतन्याहूले गाजामा अक्टोबर ७ मा भएको आक्रमणका क्रममा हमासले कब्जामा लिएका अनुमानित २४१ जना इजरायली र विदेशी बन्धकलाई रिहा नगरेसम्म गाजामा 'अस्थायी युद्धविराम' हुन नसक्ने बताउनुभएको छ । स्थायी युद्धविरामले हमासलाई पुनः सङ्गठित हुन र पुनः हतियार तथा युद्ध बन्दोबस्तीका सामान आपूर्ति गर्न अनुमति दिने भन्दै इजरायल र संयुक्त राज्य अमेरिका दुवैले यसअघि पूर्ण युद्धविरामलाई अस्वीकार गरेका थिए। अमेरिकी राष्ट्रपति जो बाइडनले 'स्थानीय आवश्यकता अनुसार माग गरिएको अस्थायी' युद्ध विरामको समर्थन गर्नुभएको छ। यसैबीच, इजरायलले जारी लडाइँ र हवाई आक्रमणका बाबजुद हजारौं प्यालेस्टिनी कामदारलाई गाजामा फिर्ता पठाउन सुरु गरेको छ।

इजरायली सेनाले गाजावासीलाई गाजा शहरबाट दक्षिणतर्फ जान आग्रह गरेको छ, तर हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले महिला र बालबालिकासहित भागेका १४ जना प्यालेस्टिनीको मृत्यु भएको जनाएको छ। प्रत्यक्षदर्शीका अनुसार इजरायली सेनाले यसअघि सर्वसाधारणलाई दक्षिणतर्फ यात्रा गर्न आग्रह गर्दै आएको गाजाको तटीय सडकमा हवाई आक्रमण भएको छ।

गाजाको युएन स्कुलमा भएको इजराइली आक्रमणमा १५ को मृत्यु

एएफपी

गाजापट्टी । शनिबार इजराइलले संयुक्त राष्ट्रसङ्घको एक स्कुलमा आक्रमणमा १५ जनाको ज्यान गएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार उक्त स्कूलमा हजारौं विस्थापित प्यालेस्टिनीहरूले आश्रय लिइरहेका थिए।

"शनिबार बिहान इजराइलद्वारा अल-फखुरा स्कुलमा गरिएका नरसंहारमा १५ जना सहिद र ७० जना घाइते भएका छन्", मन्त्रालयलका प्रवक्ता असरफ अल-कद्रले पत्रकार सम्मेलनमा भन्नुभयो । मन्त्रालयले यसअघि १२ जना मारिएको र ५४ जना घाइते भएको बताएको थियो।

इजराइलका तर्फबाट तत्काल उक्त आक्रमणबारे कुनै प्रतिक्रिया आएको छैन र एएफपीले पनि स्वतन्त्ररूपमा मृतकहरूको सत्_या पुष्टि गर्न सकेको छैन। प्यालेस्टिनी शरणार्थीहरूलाई सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय सहायता एजेन्सी युनआरडब्लुएको तर्फबाट पनि तत्काल कुनै प्रतिक्रिया आएको छैन । बिहीबार गाजापट्टीमा युद्धबाट विस्थापित भएका मानिस बस्ने आफ्ना चारवटा स्कुल बमबारीले क्षतिग्रस्त भएको युनआरडब्लुएले बताएको थियो।

ओमानविरुद्ध फाइनल खेल्ने नेपालको सम्भावित प्लेइङ-११

काठमाण्डु । नेपालले आइसिसी टि२० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको फाइनलमा आइतबार ओमानसँग खेल्दैछ । खेल ११ बजे बिहान टियु क्रिकेट मैदानमा सुरु हुनेछ।

नेपालले सेमिफाइनल खेलमा युएईलाई ८ विकेटले हराउँदै फाइनलमा स्थान बनाएको थियो। उता ओमानले बहराइनलाई १० विकेटले हराउँदै फाइनलमा स्थान बनाएको थियो।

फाइनलमा पुग्दै दुबै टोली २०२४ को विश्वकपमा स्थान बनाएको छन् । नेपालले सेमिफाइनल खेलबाट टोलीमा एक परिवर्तन गर्ने पक्का छ । विश्वकपमा पुग्न युएईलाई हराउनै पर्ने हुँदा दीपेन्द्रसिंह ऐरीले आफ्नो करिअरनै जोखिममा मोलेर उक्त खेल खेलेका थिए।

तर फाइनल उनी खेल्नेछैनन्। खुट्टाको चोट हुँदा उनले फाइनल नखेल्ने पक्का छ। फाइनल हार्दा पनि नेपाललाई खासै ठूलो घाटा हुनेछैन । त्यसैले दीपेन्द्रले उक्त जोखिम लिने छैनन्।

दीपेन्द्र नखेल्दा नेपालले सन्दीप जोरा वा विनोद भण्डारी मध्य एकलाई मौका दिने देखिन्छ। दीपेन्द्र सन्दीप जोरालाई बेन्चमा राख्दै टोलीमा फर्किएका थिए। दीपेन्द्र नखेल्दा नेपालले जोरालाई मौका दिनसक्छ । टोलीमा अन्य परिवर्तनको भने सम्भावना देखिदैन।

नेपालले समूह चरणमा ओमानसँग पाँच रनले हारेको थियो। नेपाल त्यो हारको बदला लिँदै उपाधि जित्न चाहन्छ।

नेपालले ओमानसँग मध्यक्रममा खराब ब्याटिङका कारण हारेको थियो।

जितको लागि १ सय ४६ रनको विजयी लक्ष्य पछ्याउनेक्रममा एक समय ११ ओभरमा ७४-४ को अवस्थामा हुँदा १६ ओभरमा ८६-८ को दयनीय अवस्थामा पुगेको थियो। अन्तिम ६ बलमा जितको लागि २६ रन चाहिँदा विवेक यादवले सुरुवाती तीन बलमा लगातार तीन छक्का हानेपनि जिताउन सकेका थिएनन्।

विवेकको उक्त प्रदर्शनले टोलीको मनोबल भने झनै उच्च हुनेछ। मध्यक्रमका ब्याटर कुशल मल्ल, सन्दीप जोरा र रोहित पौडेलले खेलमा ध्यान दिनुपर्ने हुन्छ।

नेपालको सम्भावित प्लेइङ-११ :

कुशल भुर्तेल, आसिफ शेख (विकेटकिपर), रोहित पौडेल (कप्तान), कुशल मल्ल, सन्दीप जोरा, विवेक यादव, गुलशन झा, सोमपाल कामी, करण केसी, अभिनाश बोहरा र सन्दीप लामिछाने।

न्युजिल्यान्डमाथि पाकिस्तानको सानदार जित

एजेन्सी - ओपनर फखर जमानको विष्फोटक शतकको सहयोगमा पाकिस्तानले आइसिसी विश्वकप २०२३ मा न्युजिल्यान्डमाथि डकवर्थ लेविस पद्धतिको आधारमा २१ रनको सानदार जित हात पारेको छ । यो जितसँगै पाकिस्तान चौथो जितका साथ सेमिफाइनल सम्भावना कायमै राखेको छ। जितको लागि ४ सय २ रनको विशाल विजयी लक्ष्य पछ्याएको पाकिस्तानले २१.३ ओभरमा १६०-१ को अवस्थामा वर्षाले खेल रोकिएको थियो । लामो समय खेल रोकिएपछि पाकिस्तानले ४१ ओभरमा ३ सय ४२ रनको विजयी लक्ष्य पाएको थियो।

जितको लागि ३ सय ४२ रनको विशाल विजयी लक्ष्य पछ्याएको पाकिस्तानले २५.३ ओभरमा २ सय रन बनाउँदा खेल रोकिएको थियो । पाकिस्तानका फखर जमान ८१ बलमा ८ चौका र ११ छक्कासहित १ सय २६ रनमा नट आउट रहे। बाबर आजम ६३ बलमा ६ चौका र २ छक्कासहित ६६ रनमा नट आउट रहे।

ओपनर अब्दुल्लाह शफिक टिम साउथीको बलमा चार रनमा आउट भएका थिए। दोस्रो विकेटका लागि बाबर र जमानले १ सय ९४ रनको अविजित साझेदारी गरेका थिए । यो साझेदारी नै डकवर्थ लेविस पद्धतिको आधारमा जित्न पर्याप्त बन्यो।

त्यसअघि बेंगलोरमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको न्युजिल्यान्डले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै ४ सय १ रन बनाएको थियो । तर बलर नचल्दा उक्त लक्ष्य पनि जित हात पार्न सकेन।

न्युजिल्यान्डका ओपनर रचिन रविन्द्रले ९४ बलमा १५ चौका र १ छक्कासहित १ सय ८ रनको सानदार शतकीय इनिङ खेलेपनि टोलीको हार टार्न सकेनन्। जारी विश्वकपमा उनको यो तेस्रो शतक हो । यसअघि रविन्द्रले इंग्ल्यान्डविरुद्ध १ सय २३ र अष्ट्रेलियाविरुद्ध १ सय १६ रन बनाएका थिए।

कप्तान केन विलियम्सन ७९ बलमा १० चौका र २ छक्कासहित ९५ रनमा आउट भएका थिए। चोटपछि फर्किएका उनी शतक बनाउन पाँच रनले चुकेका थिए। स्पिनर इफ्तिखर अहमदको बलमा विलियम्सन फखार जमानबाट क्याच आउट भएका थिए।

दोस्रो विकेटका लागि रचिन र विलियम्सनले १ सय ४२ बलमा १ सय ८० रनको साझेदारी गर्दै विशाल योगफलको आधार तय गरेका थिए। ओपनर डेभन कन्वे ३९ बलमा ६ चौकासहित ३५ र डर्याल मिचेल २९ रनमा आउट भए। मार्क च्यापम्यान २७ बलमा ७ चौकासहित ३७ रन बनाउँदै आउउट भए। ग्लेन फिलिप्स २५ बलमा ४ चौका र २ छक्कासहित ४१ रनमा आउट भए । मिचेल सान्टनार १७ बलमा २ छक्कासहित २६ रनमा अविजित रहे।

पाकिस्तानको जितमा मोहम्मद वासिम जुनियरले १० ओभरमा ६० रन खर्चेर ३ विकेट लिए । हसन अली, इफ्तिखार अहमद र हरिस रौफले एक एक विकेट लिए । पाकिस्तान ८ खेलमा ४ मा जित र ४ मा हारसहित ८ अंकका पाँचौं स्थानमा छ । पाकिस्तानले शनिबार इंग्ल्यान्डसँग इर्डेन गार्डेन कोलकातामा खेल्नेछ।

उक्त खेलमा विजयी भएमा १० अंकमा पुग्नेछ। तर अन्य टोलीको नतिजा पनि आफु अनुकुल आउनु पर्छ । ७ खेलमा अफगानिस्तान ८ अंकका साथ स्थानमा छैटौं । अफगानिस्तानले अव अष्टेलिया र दक्षिण अफ्रिकासँग खेल्नेछ। पाकिस्तान र न्युजिल्यान्ड सेमिफाइनल खेल्न अफगानिस्तानले एक खेल हार्नुपर्छ। नेटरनरेटमा माथि हुने एक टोली मात्रै सेमिफाइनल खेल्न पाउनेछन्।

न्युजिल्यान्डको नेटरनरेट अन्य टोलीको भन्दा मजबुत छ। त्यसैले अन्तिम खेलमा बिहीबार श्रीलंकालाई हराउँदा सेमिफाइनल खेल्ने सम्भाबना बलियो देखिन्छ । समान ८ अंक भएका तीन टोली न्युजिल्यान्डको नेटरनरेट प्लस ०.५९३, पाकिस्तानको माइनस ०.१७५ र अफगानिस्तानको माइनस ०.३३० छ।

भारत ७ खेलमा १४ अंकका साथ शीर्षस्थानमा रहँदै सेमिफाइनलमा पुगि सकेको छ । दक्षिण अफ्रिका ७ खेलमा ६ मा जित र १ मा हारसहित १२ अंकका साथ दोस्रो स्थानमा छ। अष्ट्रेलिया ७ खेलमा ४ मा जित र २ मा हारसहित ८ अकका साथ तेस्रो स्थानमा छ । न्युजिल्यान्ड ८ खेलमा ४ मा जित र ४ मा हारसहित ८ अंकका साथ चौथो स्थानमा छ।

अमेरिकी चीन नीति प्रमुखद्वारा बेइजिङका उच्च सीमा अधिकारीसँग भेटवार्ता

एएफपी

वासिङ्टन । चीन नीतिबारे अमेरिकाका उच्च अधिकारीले बेइजिङमा चिनियाँ सीमा प्रमुखसँग 'रचनात्मक र स्पष्ट' वार्ता गरेको अमेरिकी विदेश मन्त्रालयले शुक्रबार जनाएको छ।

अमेरिकी विदेश विभागका चीन संयोजक तथा चीन र ताइवानका लागि उपसहायक मन्त्री मार्क बी ल्याम्बर्टले शुक्रबार सीमा तथा महासागर मामिलाका लागि चिनियाँ महानिर्देशक होङ लियाङसँग भेटवार्ता गर्नुभएको हो।

"दुवै पक्षले दक्षिण चीन सागर र पूर्वी चीन सागरको अवस्थालगायत विभिन्न सामुद्रिक विषयमा ठोस, रचनात्मक र स्पष्ट छलफल गरेका छन्," अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

दक्षिण चीन सागरमा बेइजिङको खतरनाक र गैरकानुनी गतिविधिप्रति अमेरिकाले चिन्ता व्यक्त गरेको छ, जसमा गत महिना चीनले दोस्रो थोमस शोलमा फिलिपिन्सको पुनः आपूर्ति मिसनमा 'अवरोध' गरेको र ' अक्टोबर २४ मा अमेरिकी जहाजलाई असुरक्षित रूपमा रोकेको' उल्लेख छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान र चीनका विदेशमन्त्री वाङ यीबीच वासिङ्टनमा भएको वार्तापछि यो बैठक भएको हो।

सन् २०२३ मा रूसको कुल गार्हस्थ्य उत्पादन तीन प्रतिशतले वृद्धि हुने पुटिनको दावी

एएफपी

मस्को । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२३ मा देशको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) तीन प्रतिशतले वृद्धि हुने दावी गर्नुभएको छ।

"यस वर्ष हाम्रो कूल गार्हस्थ्य उत्पादनको वृद्धि दर २.८ देखि २.९ प्रतिशत वा ३ प्रतिशतसम्म पुग्नेछ," रूसी महासङ्घको आठौं सिभिक चेम्बरका सदस्यहरू र क्षेत्रीय नागरिक चेम्बरका प्रमुखहरूसँगको भेटमा उहाँले भन्नुभयो।

पुटिनले युरोपका अग्रणी अर्थतन्त्रहरू धराशायी हुने उल्लेख गर्दै यी अर्थतन्त्रहरू अहिले समस्यामा रहेको र चुनौतीहरूको सामना गरिरहेको दावी गर्नुभयो।

उहाँले पुटिनले रूस ' आर्थिक, सैन्य, आन्तरिक र राजनीतिक रूपमा' बलियो हुँदै जाँदा देश विश्व संगठनबाट बाहिरिने सम्भावना कम रहेको बताउनुभयो।

भारतीय प्रधानमन्त्री मोदीद्वारा भूकम्पका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त, सम्भावित सबै सहयोगको प्रतिबद्धता

एएफपी

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै यस विपत्को घडीमा नेपाललाई सम्भावित सबै सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा लेख्नुभएको छ, "नेपालमा गएको भूकम्पका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछु। भारत नेपाली जनताप्रति ऐक्यवद्धताका साथ उभिएको छ र हरसम्भव सहयोग गर्न तयार छ।"

उहाँले भन्नुभएको छ, "शोक सन्तप्त परिवारजनप्रति हाम्रो समवेदना छ र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।"

नेपालमा गएको ६.४ म्याग्नीच्यूडको शक्तिशाली भूकम्पमा परी १३२ जनाको मृत्यु हुनुका साथै १४१ जना घाइते भएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यो भनाइ आएको हो।

यसैबीच, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भूकम्प प्रभावित क्षेत्रमा गई क्षतिग्रस्त क्षेत्रको अवलोकन गर्दै भूकम्पका घाइते, घाइते तथा मृतकका आफन्तलाई सरकारको तर्फबाट सम्बावित सबै सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ।

शनिबार बिहान प्राप्त विवरणअनुसार जाजरकोट र पश्चिम रूकुममा सबैभन्दा बढी क्षति भएको छ।

बङ्गलादेशमा आन्दोलनरत श्रमिक र प्रहरीबीच झडप

एएफपी

ढाका । बङ्गलादेशको राजधानी ढाकामा मजदुरको ज्याला तीन गुणा बढाउन माग गर्दै सुरु भएको विरोध प्रदर्शनको अवज्ञा गर्दै कारखानाहरू पुनः सञ्चालनमा आएपछि शनिबार राजधानी ढाका नजिकै हडतालरत गार्मेन्ट मजदुर र प्रहरीबीच झडप भएको छ।

बङ्गलादेशका करिब तीन हजार ५०० गार्मेन्ट कारखानाहरूले दक्षिण एसियाली देशको वार्षिक ५५ अर्ब अमेरिकी डलरको निर्यातको लगभग ८५ प्रतिशत हिस्सा ओगटेका छन्। बङ्गलादेशले लेभिज, जारा र एच एन्ड एमलगायत फेसन ब्राण्डमा विश्वभर तयारी पोशाक आपूर्ति गर्दछ। तर, यस क्षेत्रका ४० लाख कामदारमध्ये अधिकांशको अवस्था दयनीय छ। न्यून आयभउका कामदारमध्ये अधिकांश महिलाहरू छन् जसको मासिक ज्याला आठ हजार ३०० टाका (७५ अमेरिकी डलर) बाट सुरु हुन्छ । हडतालका कारण सबैभन्दा बढी प्रभावित क्षेत्रमा एक सातादेखि बन्द रहेका करिब ६०० व्यवसाय पुनः सञ्चालनमा आएको प्रहरीले जनाएको छ।

राजधानी ढाकाको पश्चिममा रहेको औद्योगिक शहर आशुलियामा करिब १० हजार कामदारले आफ्ना सहकर्मीलाई सिफ्टमा फर्कन बाट रोक्ने प्रयास गरेपछि झडप भएको प्रहरीले जनाएको छ। आशुलियाका प्रहरी प्रमुख मोहम्मद सरोवर आलमले एएफपीसँग भन्नुभयो, "उनीहरूले अधिकारी र कारखानाहरूमाथि ढुङ्गा र इँटा प्रहार गरे र सडक अवरुद्ध गर्नेप्रयास गरे।"

"हामीले अश्रुग्यास प्रहार गरेर उनीहरूलाई तितरबितर पारेका छौं", उहाँले भन्नुभयो, "त्यहाँ र नजिकैको सावरमा एक हजार ५०० सुरक्षाकर्मी तैनाथ गरिएको छ।"

स्थानीय प्रहरी प्रमुख सरवर आलमले ढाकाको उत्तरी क्षेत्रमा रहेको औद्योगिक क्षेत्र गाजीपुरमा एक सातासम्म चलेको हिंसात्मक प्रदर्शनपछि कामदारहरू आफ्नो सिफ्टमा फर्किएको बताउनुभयो।

उहाँले अहिले अवस्था शान्तिपूर्ण बनेको छ । बङ्गलादेश गार्मेन्ट एण्ड इन्डस्ट्रियल वर्कर्स फेडेरेसनका अध्यक्ष कल्पोना अक्टेरले साताव्यापी विरोधप्रदर्शनका कारण ग्याप, वालमार्ट, एच एन्ड एम, जारा, इन्डिटेक्स, बेस्टसेलर, लेभिज, मार्क्स एन्ड स्पेन्सर, प्रिमार्क र एल्डीजस्ता विश्वका केही शीर्ष फेसन ब्रान्डको उत्पादन प्रभावित भएको बताउनुभएको छ।

औषधि कारखानामा आगलागी हुँदा सातजनाको मृत्यु

सिन्ह्वा

नयाँदिल्ली। भारतको पश्चिमी राज्य महाराष्ट्रको एक औषधि कारखानामा भएको भीषण आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएका अधिकारीहरूले शनिबार जानकारी दिएका छन्।

आगलागीमा परी कैयौं व्यक्ति हराइरहेको बताइएको छ । महाराष्ट्रको राजधानी मुम्बईबाट करिब १७७ किलोमिटर दक्षिणमा पर्ने रायगढ जिल्लामा रहेको महाराष्ट्र औद्योगिक विकास निगम (एमआईडीसी) महाडमा रहेको ब्लु जेट हेल्थकेयर कारखानामा शुक्रबार विस्फोट भएपछि आगलागी भएको थियो।

यस घटनापछि अधिकारीहरूले अग्नि नियन्त्रक विभागका अधिकारीहरू र राष्ट्रिय प्रकोप प्रतिक्रिया बल (एनडीआरएफ) का कर्मचारीहरूलाई उद्धार कार्यका लागि घटनास्थलमा पठाएका थिए।

"आज बिहानसम्म सात जनाको शव निकालिएको छ", एक अधिकारीले भने, "घाइते भएका सात जनालाई अस्पताल भर्ना गरिएको छ । यसबाहेक बेपत्ताको खोजी कार्य जारी छ।"

अनुसार विस्फोटको समयमा औषधि कारखानामा करिब दुई दर्जन मानिस उपस्थित थिए । घटनाको सम्बन्धमा अनुसन्धान शुरू भइसकेको प्रहरीले जनाएको छ।

एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घको ३७ औँ सम्मेलन सोमबारदेखि

काठमाण्डु । एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घको ३७औं सम्मेलन सोमबारदेखि काठमाडौंमा हुने भएको छ । परिसङ्घ, एशिया प्रशान्त क्षेत्रभित्रका २६ देशका २८ वटा राष्ट्रियस्तरका उद्योग वाणिज्य महासङ्घ/सङ्घको छाता संस्था हो ।

सम्मेलन कात्तिक २० र २१ गतेसम्म चल्ने नेपाल उद्योग वाणिज्य महासङ्घले जनाएको छ । सम्मेलनको मुख्य विषय 'चेम्वर्स अफ कमर्स हेल्पिङ विजनेश गेट सेट फर द फयुचर' रहेको छ ।

महासङ्घको आतिथ्यतामा आयोजना हुने सम्मेलनको सोमबार बिहान राष्ट्रपति रामचन्द्र पौडेलले समुद्घाटनसहित सम्बोधन गर्नुहुनेछ । विश्व आर्थिक मन्चमा राम्रो पहिचान बनाउन सफल यस संस्थाको यसअघि २६औं सम्मेलन पनि महासङ्घको आयोजनामा काठमाडौंमा सम्पन्न भएको थियो ।

समुद्घाटन कार्यक्रमलाई पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले मुख्य वक्ताका रूपमा सम्बोधन गर्नुहुनेछ भने अर्थमन्त्री डा प्रकाशरण महत, महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, महासङ्घका पूर्वअध्यक्ष एवं परिसङ्घका उपाध्यक्ष प्रदीपकुमार श्रेष्ठ, परिसङ्घका अध्यक्ष पिटर म्याकमुलिन एम र महासङ्घका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले सम्बोधन गर्नुहुनेछ ।

परिसङ्घले एशिया प्यासिफिक क्षेत्रका देशमा उद्योग, व्यवसाय, लगानी प्रविधिको विस्तारमार्फत यस क्षेत्रका जनताको जीवनस्तर सुधार र आपसी लाभका क्षेत्रमा काम गरिरहेको छ ।

यस सम्मेलनमा एशिया प्यासिफिक क्षेत्रबाट सदस्य राष्ट्रका ६० भन्दाबढी व्यावसायिक नेताहरू र नेपालका प्रतिष्ठित उद्यमी व्यवसायीहरू, सरकारी प्रतिनिधिसमेत गरी करिब दुई सयभन्दा बढीको सहभागिता रहने महासङ्घले जनाएको छ ।

सम्मेलनबाट नेपालमा एशिया प्रशान्त क्षेत्रबाट लगानी, प्रविधि, पर्यटन आकर्षण हुने अपेक्षा गरिएको छ । सम्मेलनमा एशिया प्रशान्त क्षेत्रका देशबीच आपसी सहकार्यका माध्यमबाट दीगो विकास, उद्यमशीलता, व्यापार प्रवर्द्धनमा मुख्य जोड दिइने छ ।

सम्मेलनमा स्वच्छ र नवीकरणीय ऊर्जा, क्षेत्रीय आर्थिक वृद्धि, खाद्य र कृषि, युवा उद्यमशीलता तथा सूचना प्रविधि, पर्यटन, लघु, घरेलु तथा साना उद्यम, जल, ऊर्जा र वातावरण, क्षेत्रीय व्यापार व्यवसाय सञ्जाल विस्तार, एशिया-प्रशान्त क्षेत्रमा विकासका अवसर र चुनौतीलगायतका महत्वपूर्ण विषयमा दुई दिनसम्म एशिया प्रशान्त क्षेत्रका निजी क्षेत्र, विकास साझेदार, दातृ निकाय तथा सरकारी प्रतिनिधि र नीति निर्माताले विचार विर्मश गर्नेछन् ।

नेपाल र एशिया प्रशान्त क्षेत्रका राष्ट्रबीच बलियो सम्बन्ध विस्तारमा यो सम्मेलन कोशेढुङ्गा हुने विश्वास महासङ्घको छ । निजी क्षेत्रको प्रतिनिधिमुलुक संस्था महासङ्घ यस संस्थाको संस्थापक सदस्य रहिआएको छ ।

सम्मेलन काठमाडौं घोषणापत्र जारी गर्दै कात्तिक २१ गते समापन गरिनेछ । सन् १९६६ मा स्थापना भएको परिसङ्घ एशिया-प्रशान्त क्षेत्रभित्रका व्यावसायिक संस्थालाई एकताबद्ध गर्दै यसका सदस्य राष्ट्रबीच आर्थिक सहयोग, व्यापार र लगानी प्रवर्द्धनमा एक सक्रिय साझा मञ्चको रूपमा कार्य गर्दै आएको छ ।

यसको बलियो सञ्जाल र सशक्त पहलमार्फत उद्यमशीलता, दिगो विकास र सीमापार व्यापार सहजीकरणलाई समर्थन गर्ने नीतिहरूको पैरवीमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।रासस

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry

तिहारमा फूलको मूल्य बढ्ने

काठमाण्डु । विगतका वर्षको तुलनामा यस वर्षको तिहारमा फूलको मूल्य बढ्ने भएको छ । सरकारले यस वर्षदेखि मूल्य अभिवृद्धिको सीमा तोकेकाले फूलको मूल्य बढ्ने भएको हो ।

यस वर्ष बजारमा सयपत्री माला एक मिटरको थोक मूल्य रू ७५ र खुद्रा मूल्य रू एक सय २५ देखि रू एक सय ५० सम्म पर्ने देखिएको पुष्प व्यवसायीहरूको छाता संस्था नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले बताउनुभयो । उहाँका अनुसार सोही माला गत वर्ष उपभोक्ताले रू एक सयसम्म तिरेर प्रयोग गरेका थिए ।

त्यस्तै, मखमलीको मालाको मूल्य थोकमा रू ४५ र खुद्रामा रू ६० देखि रू ७० पर्ने तामाङले बताउनुभयो । उहाँका अनुसार मिक्स माला होलसेलमा रू तीन सय र खुद्रामा रू पाँच सयसम्म पर्ने देखिएको छ । गोदावरी फूलको माला भने रू एक हजारदेखि रू तीन हजारसम्म पर्ने एसोसिएसनले अनुमान गरेको छ ।

गत वर्ष नौ लाख माला भारतबाट ल्याइएको थियो भने यस वर्ष पाँच लाखमात्र माला ल्याउन लागिएको छ । गत वर्ष ३१ लाख माला खपत भएको बताइएको छ । गत वर्ष तिहारमा मात्रै रू २५ करोड फूलको कारोबार भएको थियो । यस वर्ष रू ३१ करोड २८ लाख कारोबार हुने अनुमान गरिएको छ ।

पछिल्लो सयम स्वदेशमै फूल उत्पादन बढेकाले विगतका वर्षमा भन्दा यस वर्ष तिहारका लागि ल्याइने फूलमा कमी हुने देखिएको छ । यस वर्षको तिहारका लागि ३५ लाख सयपत्री फूलको माला खपत हुने अनुमान गरिएको छ । जसमा ३० लाख माला स्वदेशी उत्पादनले पुग्ने र बाँकी पाँच लाख छिमेकी मुलुक भारतबाट आयात गरिने भएको छ ।

पछिल्लो समय बजार माग वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४८ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ । नेपालमा हाल व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ । नेपालमा लगभग दुई सय २१ हेक्टर क्षेत्रफलमा करिब एक हजार दुई सय व्यवसायीले यसको खेती गर्दै आएका छन् । रासस

भूकम्प पीडितहरुलाई विभिन्न निकायद्वारा सहयोग घोषणा

भूकम्प प्रभावित क्षेत्रमा पाँच दिनका लागि नेपाल टेलिकमको सेवा निःशुल्क

काठमाण्डु । नेपाल टेलिकमले भूकम्प प्रभावित क्षेत्र जाजरकोट, रुकुमपश्चिम र रुकुमपूर्वमा पाँच दिनका लागि सेवा निःशुल्क गर्ने भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको अध्यक्षतामा शनिबार मन्त्रालयमा बसेको बैठकले भूकम्प प्रभावित ती क्षेत्रमा पाँच दिनका लागि फोन तथा म्यासेज निःशुल्क गर्ने निर्णय गरेको सञ्चार मन्त्रालयका सञ्चार विज्ञ नरेन्द्र केसीले जानकारी दिनुभयो ।

हाल भूकम्प प्रभावित रुकुमपूर्व, रुकुमपश्चिम र जाजरकोट क्षेत्रमा नेपाल टेलिकमका सम्पूर्ण सेवा सञ्चालन रहेको टेलिकमले जनाएको छ । कम्पनीले यस विषम परिस्थितिमा नेपाल टेलिकम आफ्नो कर्तव्य बोध गर्दै सबै प्रकारका दूरसञ्चार सेवालाई नियमितरूपमा सञ्चालन राख्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

सूचना आदानप्रदानलाई निरन्तरता दिन उक्त क्षेत्रमा रहनुभएका कम्पनीका सम्पूर्ण मोबाइल ग्राहकलाई पाँच दिनको अवधिका लागि निःशुल्क भ्वाइस तथा एसएमएस सेवा उपलब्ध गराइको कम्पनीले उल्लेख गरेको छ । यसका अतिरिक्त उक्त क्षेत्रमा पाँच दिनको अवधिका लागि निःशुल्क भ्वाइस तथा एसएमएस सेवासहितको निःशुल्क सिम उपलब्ध गराइने टेलिकमका प्रवक्ता सोभन अधिकारीले जानकारी दिनुभयो ।

उक्त सिम कम्पनीको सुर्खेत, रुकुमपूर्व, रुकुमपश्चिम र जाजरकोट कार्यालयबाट उपलब्ध हुने उहाँले बताउनुभयो । उद्धार क्षेत्रमा सूचना आदानप्रदान गर्न आवश्यकअनुसार निःशुल्क नमस्ते वाइफाइ सेवा उपलब्ध गराइनेछ ।रासस

दश करोडका सहायता सामग्री उपलब्ध गराउने चीनको घोषणा

काठमाण्डु । चीनले जाजरकोट भूकम्पपीडितका लागि रु १० करोड बराबरको सहायता सामग्री उपलब्ध गराउने घोषणा गरेको छ ।

नेपालका लागि चीनका राजदूत छन सङले सामाजिक सञ्जाल एक्समा उक्त रकम बराबरका आपत्कालीन सहायता सामग्री प्रदान गर्ने घोषणा गर्नुभएको हो ।

त्रिपाल, कम्बललगायत राहत सामग्री चीनबाट नेपालतर्फ पठाइएको र केही दिनभित्रै ती सामग्री नेपाल सरकारमार्फत पीडितलाई प्रदान गरिने जनाइएको छ ।

शुक्रबार राति ११ बजेर ४७ मिनेटमा जाजरकोटको बारेकोट गाउँपालिका-१ रामिडाँडामा केन्द्रबिन्दु भएर ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प भएको थियो ।

हालसम्म जाजरकोट र रुकुम पश्चिममा जम्मा १ सय ५७ जनाको ज्यान गएको छ भने घाइतेको संख्या २ सय नाघेको छ । रासस

राष्ट्रियसभा अध्यक्षको एक महिनाको तलब भूकम्प पीडितलाई

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले एक महिनाको आफ्नो तलब भूकम्प पीडित प्रदान गर्ने घोषणा गर्नुभएको छ । राहतकोषमा जम्मा गर्नुहुने भएको छ ।

जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका वडा नं १ रामिडाँडालाई केन्द्रबिन्दु बनाएर शुक्रबार राती भएको भूकम्पबाट पीडित भएकाको सहायताका लागि सरकारले स्थापना गर्ने राहत कोषमा आफ्नो एक महिनाको तलब प्रदान गर्ने घोषणा गर्नुभएको अध्यक्षका प्रेस सल्लाहकार दुर्गाप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो । रासस

भूकम्पपीडितलाई बागमती प्रदेशले डेढ करोड सहयोग

काठमाण्डु । बागमती प्रदेश सरकारले भूकम्पपीडितको तत्काल प्रभावकारी उद्धार, उपचार, राहत र पुनःस्थापनाका लागि रू एक करोड ५० लाख सहयोग उपलब्ध गराउने भएको छ ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले शनिबार विज्ञप्ति जारी गर्दै नागरिक समाज, विभिन्न गैरसरकारी संस्थालाई विपद्को घडीमा आवश्यक सहयोग गर्नसमेत आग्रह गर्नुभएको छ ।

विज्ञप्तिमा भनिएको छ, "यस विपद्को घडीमा बागमती प्रदेश सरकार कर्णाली प्रदेश सरकारसँगै रहनेछ ।" जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भई गएराति गएको भूकम्पले ठूलो मात्रामा जाजरकोट र रुकुम पश्चिम जिल्लामा जनधनको क्षति पुगेकामा बागमती प्रदेश सरकारले दुःख व्यक्त गेरेको छ । विज्ञप्तिमा भनिएको छ, "उक्त भूकम्पबाट ज्यान गुमाएका सम्पूर्ण व्यक्तिप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार र आफन्तजनमा समवेदनाका साथै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।"रासस

लुम्बिनीले भूकम्प प्रभावितको कोषमा डेढ करोड सहयोग गर्ने

तुलसीपुर (दाङ) । लुम्बिनी प्रदेश सरकारले भूकम्प प्रभावित क्षेत्रका लागि डेढ करोड सहयोग गर्ने भएको छ । शनिबार तुलसीपुरमा बसेको प्रदेश सरकारको बैठकले डेढ करोड सहयोग गर्ने निर्णय गरेको प्रदेशका अर्थमन्त्रीधनबहादुरमास्कीलेजानकारी दिनुभयो । साथै प्रदेश सरकारले गृहमन्त्री सन्तोष पाण्डेको नेतृत्वमा प्रभावित जिल्लामा आवश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्री पठाउने निर्णयसमेत गरेको छ ।

प्रदेशले यसअघि राप्ती प्रादेशिक अस्पताल तुलसीपुरका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा पदमराज अधिकारीको नेतृत्वमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्री पठाइसकेको छ । जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट मृत्यु भएका परिवारप्रति श्रद्धाञ्जली तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरिएको छ ।

उद्धारमा परिचालन भएका जहाजलाई निगमको निःशुल्क इन्धन

काठमाण्डु । नेपाल आयल निगमले जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा राहत तथा उद्धारका निम्ति परिचालन भएका हवाइजहाज तथा हेलिकप्टरमा प्रयोग भएको इन्धनको रकम आफैंले बेहोर्ने जनाएको छ ।

नेपाल एयरलाइन्स र नेपाली सेनाको हवाइजहाज तथा हेलिकप्टरमा प्रयोग गरिएको इन्धनबापतको रकम आर्थिक वर्ष २०८०/०८१ को संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतको कोषबाट निगमले बेहोर्ने निर्णय भएको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले राससलाई जानकारी दिनुभयो ।

निगमले भूकम्पमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नका साथै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।रासस

कांग्रेसद्वारा भूकम्प प्रभावितलाई रु ५० लाख सहयोग

काठमाण्डु । नेपाली कांग्रेसले भूकम्प पीडितको उद्धार, राहत र पुनर्स्थापनाका लागि पार्टीका तर्फबाट सरकारलाई रु ५० लाख उपलब्ध गराउने निर्णय गरेको छ ।

साथै कांग्रेसले स्वदेश र विदेशमा रहेका सबैलाई तन, मन र धनका साथ खुला हृदयले मानवीय सेवाको अभियानमा जुट्न अपिल समेत गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। शुक्रबार राति ११:४७ मा गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम (पश्चिम) लगायतका क्षेत्रमा ठूलो सङ्ख्यामा मानवीय क्षति, भौतिक क्षति र सयौं घाइते भएका छन् ।

कांग्रेसले उक्त घटनाले समस्त नेपालीलाई मर्माहत र दुःखी बनाएको उल्लेख गर्दै यस्तो समयमा सरकार, राजनैतिक दल, संघ-संस्था सबै एक भएर विपद्को सामना गर्न सबैमा अपिल गरेको छ । रासस

क्यानले भूकम्पपीडितलाई आर्थिक सहयोग गर्ने

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई आर्थिक सहयोग गर्ने भएको छ ।

क्यानले आइसीसी विश्वकप टी-२० को एसिया छनोटअन्तर्गत आइतबार हुने फाइनल खेलको टिकट बिक्रीबाट उठेको रकमको ५० प्रतिशत भूकम्पपीडितको सहयोगार्थ प्रदान गर्ने भएको छ । क्यानले शनिबार विज्ञप्ती जारी गर्दै आइतबार नेपाल र ओमानबीच त्रिभुवन विश्वविद्यालयको खेल मैदान कीर्तिपुरमा हुने फाइनल खेलको टिकट बिक्रीबाट उठेको रकमको आधा रकम भूकम्पपिडितलाई सहयोग गर्ने निर्णय गरेको हो ।

क्यानले भूकम्पबाट ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । गए राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्र विन्दु भइ ६ दशमलव ४ रेक्टरस्केलको भुकम्प गएको थियो । रासस

गोदावरी मेलाको टिकटबाट सङ्कलित ५० प्रतिशत रकम भूकम्पपीडितलाई

गोदावरी । ललितपुरको जावलाखेलमा जारी गोदावरी मेलामा आइतबार बिक्री हुने टिकटबाट सङ्कलन भएको ५० प्रतिशत रकम जाजरकोट र रुकुमपश्चिमका भूकम्पपीडितलाई उपलब्ध गराइने भएको छ ।

"जावलाखेल खेलमैदानललितपुरमाजारी१६औँ गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको मेला अवधि एक दिन थप गर्दै कात्तिक १९ गते आइतबार बेलुका ५:०० सम्म मेला जारी रहने जानकारी गराउँछौँ", फ्लोरिकल्चर एसोसिएसन नेपालले आज विज्ञप्ति जारी गर्दै भनेको छ, "आइतबारको मेलाको टिकटबाट हुने आम्दानीको ५० प्रतिशत रकम जाजरकोट तथा पश्चिम रुकुम क्षेत्रमा गएको भूकम्पपीडितको उद्धार तथा सहयोगका लागि नेपाल सरकारको कोषमा जम्मा गरिने जानकारी गराउँछौं ।"

'रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने नाराका साथ चलिरहेको मेलाको चौथो दिन (शुक्रबार) सम्म ३१ हजारले मेला अवलोकन गरेका छन् भने रु ७७ लाखभन्दा बढीको कारोबार भएको एसोसिएसनले जनाएको छ ।रासस

भूकम्प प्रभावित कोषमा मध्यविन्दुको दुई लाख सहयोग

नवलपुर (नवलपरासी) । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को मध्यविन्दु नगरपालिकाले भूकम्प प्रभावित क्षेत्रका लागि रु दुई लाख सहयोग गर्नेभएको छ ।

मध्यविन्दु नगरपालिका प्रमुख भीमलाल अधिकारीले विनाशकारी भूकम्पबाट पीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि रु दुई लाख सहयोग गर्ने लागिएको जानकारी दिनुभयो ।

नगरप्रमुख अधिकारीले आज एक विज्ञप्ति जारी गर्दै मध्यन्दु नगरपालिका र नगरवासीका तर्फबाट नगरपालिकाले भूकम्प प्रभावितको कोषमा रु दुई लाख सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

नगरपालिकाले प्रतिबद्धता जनाएको रकम चाँडै कोषमा जम्मा गरिने नगरप्रमुख अधिकारीको भनाइ छ । नगरप्रमुख अधिकारीले प्रेस विज्ञप्तिमार्फत भूकम्पमा परी मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै मृतकका परिवारजनलाई समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ । रासस

कुम्भकार माटोका भाँडा बनाउन व्यस्त

इनरुवा । जिल्लाको सदरमुकाम इनरुवा-२ मा रहेका कुम्भकार बिहानैदेखि कोई माटो मुस्छन् त कोई माटोका भाँडा बनाउने काममा व्यस्त हुन्छन् । चाडपर्वका बेला सबैलाई माटोका भाँडा सहजरूपमा उपलब्ध गराउने उनीहरूको उद्देश्य हो ।

इनरुवा, लौकही, हरिपुरलगायत स्थानका कुम्भकारले दिपावली तथा छठलाई लक्षित गरी माटोका भाँडा बनाउन थालेका स्थानीय श्रीप्रसाद पण्डितले बताउनुभयो । उहाँका अनुसार चाडपर्वलाई लक्षित गरी माटोका घैला, दियो, पालासहितका विभिन्न भाँडाकुँडा बनाउने काममा व्यस्त बनेका छन् ।

भाँडो बनाउन काँचो कुमाले माटोको प्रयोग हुने भएकाले दुई हप्ता अगाडिदेखि नै माटोको जोहो गर्नुपर्ने उहाँको भनाइ थियो । एक महिना अधिसम्म विभिन्न समस्याले माटो ल्याउन नसक्दा भाँडो बनाउनमा ढिलो भएको स्थानीय देवनारायण पण्डितले बताउनुभयो । नजिकमा माटो नपाइने भएकाले टाढाबाट किनेर ल्याइएको बताउँदै अहिले भाँडा, पाला तथा अन्य सामग्री बनाउन हतार भइरहेको उहाँको भनाइ थियो । दीपावली तथा छठ पर्वमा चौमुखे दियो, पाला, कलशालगायतका सामग्रीको अत्यधिक माग हुने भएकाले सामान बनाउने काममा लागेको स्थानीय सियाराम पण्डितले बताउनुभयो । पण्डित अर्थात् कुम्भकार समुदायका अधिकांशको रोजीरोटी माटोसँग सम्बन्धित भाँडाकुँडा बनाउने रहेकाले अहिले यो काममा बढी व्यस्त भएको उहाँले बताउनुभयो ।

पर्वलाई लक्षित गरी केही दिन अघिदेखि भाँडा बनाउन थालिएको बताउँदै समय कम भएकाले बजारको माग पूरा गर्न निकै चुनौती रहेको कुम्भकार समुदायका नेता ज्ञानदेव पण्डितले बताउनुभयो । कुमाले समुदायको पेसालाई सरकारले संरक्षण गर्नका लागि ध्यान दिनु आवश्यक रहेको स्थानीयवासीले बताएका छन् ।रासस

कृषि विकासमा नेता नेपालको जोड

मोरङ । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अनेकतामा एकता नेपालीको विशेषता भएको बताउनुभएको छ ।

एकीकृत समाजवादी मोरङद्वारा शनिबार यहाँ आयोजित कार्यक्रममा नेता नेपालले नेपाल राष्ट्र सबै जातजातिको फूलबारी भएकाले त्यसमा कहीँकतैबाट आँच आउनहुँदैन भन्नुभन्नुभयो । उहाँले प्राकृतिक सम्पदाको समुचित उपयोग गरी रोजगारीका अवसर बढाउन अपरिहार्यभएको बताउनुभयो।उहाँले कृषि विकासको माध्यमबाट आर्थिक उन्नयनको मार्गमा अग्रसर हुन सकिने बताउनुभयो।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशलाई समृद्ध बनाउन सबै राजनीतिक दलबीच सहकार्य र साझेदारी आवश्यक भएको बताउनुभयो । उहाँले सर्वदलीय सरकारलाई नेकपा (एमाले)ले स्वीकार गर्नुपर्नेमा जोड दिनुभयो । रासस

आनन्दको अन्त्येष्टि सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । इजरायलमा हमास आतंकवादी समूहको आक्रमणमा निधन भएका धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीका आनन्द साहको अन्त्येष्टि गरिएको छ । शनिवारनै शव ल्याइने तयारी गरिएपनि जाजरकोट र रुकुममा आएको विनाशकारी भूकम्पका कारण उनको शव ल्याउन नसकिने भएर आइतबार ल्याएने तयारी गरिएको थियो तर, सरकारले तादरुकता देखाएर शनिबारनै आनन्दको शव सपही पठाएको थियो ।

नेपाली सेनाको विशेष विमानबाट उनको शव शनिबार अपराह्न जनकपुरधाम विमानस्थलमा आइपुगेको थियो । विमानस्थलबाट नेपाली सेनाकै टोलीले स्कर्टिङ गरेर आनन्दको शवलाई सपही लग्दा परिवारजन लगायत गाउँवासी भावविह्वल भएका थिए ।

इजरायलमा असोज २० गते हमास समूहको आतङ्ककारी हमलामा परी आनन्दको मृत्यु भएको थियो । मृत्युको खबर सुनेसँगै परिवारमा चलेको रुवाबासी अझै रोकिएको छैन ।

आनन्दका बुवा सोमन साह, आमा शुभकली साह, ७० वर्षीया हजुरआमा बसमतियादेवी साह, जेठी बहिनी सुनिता, माहिली बहिनी सरस्वती र कान्छी बहिनी आरती साहको पीडा अहिले पनि उस्तै छ । बहिनीहरुलाई शुक्रबार राति सलाइन समेत दिइएको उनका काकाले जानकारी दिए ।

आनन्दका एक काकाले भने-'सिडिओ साहवले राति वडाध्यक्षलाई फोन गरेर संस्कारकालागि तयार रहन् जानकारी गराएपछि वडाध्यक्ष आनन्दका परिवारलाई सो कुराको जानकारी गराउँदा देखिनै विक्षिप्त परेका उनका बहिनी र आमालाई सलाइन पानी दिएर जेनतेन सम्हालेर राखिएको थियो ।'

दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणमा परी मुत्यु भएका आनन्दको शव गत बुधबार पहिचान भएको थियो । नेपाली दूतावासले एक वक्तव्य जारी गर्दै आनन्दको शव पहिचान भएको जानकारी गराएका थिए । सो आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो । मृत्यु भएकामध्ये पाँच जनाको शव नेपाल ल्याइसकिएको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले पनि शव शनिवार बिहानै ल्याइ सकेकेका हुन्थ्यौ तर, भूकम्पका कारण कठिनाइ भएको जानकारी दिए ।

आनन्द पाँच कक्षासम्म गाउँकै बोर्डिङ् स्कुलमा पढेका थिए । त्यसपछि उनी जनकपुरधामको एन्जल्स बोर्डिङ् स्कुलबाट एसएलसी उत्तीर्ण गरे । जनकपुरकै मीट कलेजबाट आइएस्सी उत्तीर्ण गरेका उनी सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत टीकापुर मल्टिपल क्याम्पस कैलालीमा कृषि विषयमा स्नातक पढेका थिए । अन्तिम वर्षको पढाइ सकिएपछि कलेजले नै अभ्यासका लागि इजरायल पठाएको थियो । गत भदौ २८ गते मात्र 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत कृषिसम्बन्धी तालिम लिन इजरायल पुगेका थिए ।

एक महिना देखि घरमा बन्दैन खाना

जनकपुरधाम । हमास आतंकीको हमलामा निधन भएको धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीका आनन्द साहको घरमा खाना पाकेको करिव एक महिना हुन थालेको छ । असोज २० गते हमास आतंककारी समूहले इजरायलमा आक्रमण गर्दा निधन भएको सपहीका आनन्दको घरमा अहिले पनि उनका बुवा सोमन साह, आमा, र तीन बहिनी छन् ।

आनन्दनको निधनले शोकमय भएका उनको परिवारका सदस्यहरुलाई गाउँलेहरुले आलोपालो गरी खाना पुगाउने गरेका छन् । विहान एक जनाको घरबाट त बेलुकी एक जनाको घरबाट गरी दिन र रातिको खाना पुगाउने गरेका छन् ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भीसी नियुक्ति

इन्टरभ्यूका लागि ९ जना सिफारिस

टुडे समाचारदाता

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति (भीसी)का लागि सबै आवेदक ९ जनाको नाम अन्तर्वार्ता(इन्टभ्यू)का लागि सिफारिस भएको छ ।

भीसीका लागि ९ जना चिकित्सकले आवेदन दिएका छन् । शनिबार उनीहरुको भावी कार्यको रुपरेखा प्रस्तुतिकरणको कार्यक्रम राखिएको थियो । त्यसमा सबै उम्मेदवार उत्तीर्ण भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार पहिलो चरणमा सबै चिकित्सकहरु योग्य देखिएका छन् । सबैको प्रस्तुतिकरण अत्यन्त प्रशंसनीय रहेको बताइएको छ ।

कार्ययोजना समेतको प्रस्तुतिकरणमा योग्य देखिएका सबै चिकित्सकहरुको बुधबार अन्तर्वार्ता हुने भएको छ । भीसी छनोट समितिले अन्तर्वार्तामा उत्तीर्ण हुने तीन जनाको नाम नियुक्तिका लागि कुलपति रहेका मुख्यमन्त्री सरोज कुमार यादवमा सिफारिस गर्नेछ ।

उपकुलपति यादवले तीन जनामध्ये १ जना उपयुक्त उम्मेदवारलाई भीसीमा नियुक्त गर्ने छन् । भीसीका लागि उम्मेदवारी दिनेमा मधेश प्रदेश सत्तारुढ दल जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादवका सम्धि डा.विश्वनाथ यादव पनि छन् ।

हाल उनी वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा फरेन्सिक विभागका प्रमुख हुन् । उनकी छोरी अध्यक्ष उपेन्द्र यादवकी एकमात्र बुहारी छिन् ।

डा.यादवलाई भीसी नियुक्ति गर्ने पक्षमा अध्यक्ष उपेन्द्र यादव र ज्वाई अमरेन्द्र यादवसमेत नरहेको बुझिएको छ । सम्धिलई नियुक्ति गर्दा राजनीतिक विवादमा पर्ने उच्च जोखिमको मुल्यांकन गर्दै अध्यक्ष यादव स्वतन्त्र रुपमा नै भीसी चयन हुनुपर्ने धारणा व्यक्त गर्न थालेका छन् ।

कार्यपत्र प्रस्तुतिकरणमा सबै डाक्टर अब्बल देखिए पनि भीसीको अन्तिम छनोटमा ६ जना अयोग्य ठहरिनेछन् । उपकुलपतिलाई भीसी नियुक्तिको सिफारिस गर्न स्वास्थ्य मन्त्रालयले सिफारिस समिति गठन गरेको छ । सो समितिले गरेको सिफारिस भित्रका ३ जनामध्ये १ जनालाई भीसी नियुक्ति गर्नुपर्ने उपकुलपतिको बाध्यात्मक व्यवस्था ऐनमा रहेको छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा.रामकेवल साहको निधनपछि सरकारले अर्को भीसी नियुक्ति गर्न थालेको छ । प्रतिष्ठानमा झण्डै १ वर्षदेखि भीसी छैनन् । डा.साहको निधन भएको ३ महिना मात्र भए पनि उनी बिरामी भएदेखि गत वर्षको कात्तिकदेखि कार्यालय राम्ररी जान सकेका थिएनन् । तर उनले राजीनामा पनि नगरेका कारण भीसी नियुक्त हुन सकेको थिएन् ।

भीसी डा.साहको देहावसान भएको ३ महिना बितिसकेपछि नयाँ भीसी नियुक्तिको प्रक्रिया अगाडी बढाइएको छ । नयाँ भीसी नियुक्तिका लागि कार्यपत्र प्रस्तुति शनिबार सम्पन्न भइसकेको छ । बुधबार अन्तर्वार्ताको तिथि निर्धारण गरिएको छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा जसपाका अध्यक्ष उपेन्द्र यादवले आफ्ना सम्धिलाई बनाउन चासो नदेखाएपछि हाल रेक्टर रहेका डा.अंकुर साह अग्रपङतीमा देखिएका छन् । काठमाण्डुको मेडिकल काउन्सिल लगायत स्वास्थ्य शिक्षासित सम्बद्ध सरकारी संस्थाहरुमा प्रभाव बनाएका डा. साहको रेक्टरमा नियुक्ति गरिएको थियो ।

तर उनी रेक्टरको कार्यकाल बाँकी रहँदा नै भीसीका लागि सरकारले खुल्ला गरेको विज्ञापनमा प्रतिस्पर्धी बनेका छन् । रेक्टरमा डा.साहको भूमिका लोकप्रिय हुन सकेन् । तर भीसीमा उनी सबैभन्दा सशक्त उम्मेदवार मानिएको छ । डा.साह भीसीमा पक्का हुने बताइएको छ ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले सम्धि विश्वनाथ यादवलाई सहयोग नगर्ने निश्चित भएसँगै डा.साहको नियुक्तिलाई पक्कापक्की मानिएको छ ।

उच्चस्रोतका अनुसार काठमाण्डुको एउटा होटेलमा भीसीका लागि ४ करोडको डिलिंग भएको बताइएको छ । त्यति बढी रकम एकजना भन्दा बढीले तत्काल तिर्न सक्ने अवस्था रहेको छैन् ।

प्रदेश सरकारको पूर्ण स्वामित्वमा गठन भएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रादेशिक अस्पताललाई गाभिएपछि भीसीका लागि समेत चासो बढेको छ । प्रतिष्ठानको प्रमुख अस्पतालको रुपमा नै प्रादेशिक अस्पताललाई सरकारले उपलब्ध गराएको छ ।

तर अस्पतालमा कार्यरत्त अधिकांश चिकित्सक, स्वास्थ्यकर्मी र रोगीका कुरुवाहरुले समेत प्रतिष्ठानबाट अस्पताललाई अलग्याउनु पर्नेमा जोड दिइरहेका छन् । त्यसका लागि अस्पतालमा कयौं पटक आन्दोलन पनि भइसकेको छ ।

मधेश प्रदेस सरकार द्विविधामा रहेको बताइएको छ । अस्पताललाई प्रतिष्ठानबाट अलग्याउँदा बिरामीहरुले समुचित स्वास्थ्य उपचार अझ सस्तोमा पाउने दाबी स्वास्थ्यकर्मीहरुले गर्दै आएका छन् । अस्पताल अलग भए स्थानीय बासिन्दाहरुले मधेश प्रदेश सरकारकै स्वामित्व भएको दुई फरक र विशेषज्ञ समेतको अस्पतालबाट सेवा पाउन सक्ने छन् ।

प्रतिष्ठानको भीसी नियुक्तिलाई राजनीतिक र सामाजिक क्षेत्रमा अत्यन्त चासोका साथ हेरिएको छ । ४ करोडमा नियुक्ति हुने अथवा सामान्य लेनदेनको आधारमा नियुक्ति हुने त्यो हेर्न अझै केहीदिन प्रतीक्षा गर्नुपर्ने भएको छ ।

मधेश प्रदेशका स्वास्थ्य मन्त्री वीरेन्द्र सिंहले यस सम्बन्धमा मुख खोलेका छैनन् । तर उनी पनि अस्पताललाई प्रतिष्ठानबाट अलग राख्ने मनस्थितिमा पुगेको बताइन्छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
MADHESH INSTITUTE OF HEALTH SCIENCES
प्रादेशिक अस्पताल
जनकपुरधाम, धनुषा, नेपाल

भीसीका उम्मेदवारहरू

डा.रमेश प्रसाद सिंह
डा.योगेन्द्र प्रसाद सिंह
डा.पशुपति चौधरी
डा.राजेन्द्र प्रसाद साह
डा.गौरी शंकर साह
डा.विश्वनाथ यादव
डा.रोहित प्रसाद यादव
डा.अंकुर साह
डा.सुधिर कुमार सिंह

चार किशोर-किशोरीद्वारा आत्महत्याको प्रयास

टुडे समाचारदाता

राजविराज । जिल्लामा आत्महत्याको घटना वृद्धि भइरहेको बेला २४ घन्टाभित्र तीन किशोरी सहित चार जनाले विष सेवन गरी आत्महत्याको प्रयास गरेका छन् ।

शनिवार मात्र एक युवा र एक युवतीले विष सेवन गरी आत्महत्याको प्रयास गरेका छन् । उनीहरुको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

अस्पतालको आकस्मिक कक्षका अहेब महानायराण यादव परसैलाका अनुसार विष सेवनबाट गम्भीर विरामी परेका राजविराज नगरपालिका १५ का २२ वर्षीया नितेश कुमार यादव र तिरहुत गाउँपालिका ५ की १९ वर्षीया सन्जु कुमरी मंडल शनिवार उपचारका लागि भर्ना भएका छन् । शुक्रवार राति पनि विष सेवनबाट गम्भीर बिरामी परेकी राजगढ गाउँपालिका २ का १७ वर्षीया अर्चना कुमरी यादव र महादेवा गाउँपालिका १ का २२ वर्षीया वीणा कुमारी दास अस्पताल भर्ना भएकी थिइन ।

चारै जनाको विशेषज्ञ चिकित्सकको रेखदेखमा उपचार भइरहेको अस्पतालले जनाएको छ । चार दिनअघि पनि एकै दिन विष सेवनबाट अशक्त भएका दुई युवा र दुई युवती उपचारका गरी स्थानीय छिन्नमस्ता अस्पतालमा भर्ना भएका थिए । उनीहरु उपचारपछि घर फर्किसकेको सो अस्पतालका स्वास्थ्य संयोजक दीपेन्द्र यादवले बताए ।

परिवारिक कलह, घरेलु हिंसा, प्रेममा धोका, बेरोजगारी, गरिबी र मानसिक तनाव लगायत कारणले आत्महत्या र आत्महत्याको प्रयास गर्नेको संख्या बर्षेनि बढदै गएको प्रहरीको भनाइ छ ।

आत्महत्याका पछाडि पारिवारिक र प्रेम मुख्य कारणका रुपमा देखिए पनि वैदेशिक रोजगार, आर्थिक विपन्नता, बेरोजगारी, असफलता र तनाव लगायतका कारण पनि देखिएको मनोचिकित्कसहरु बताउँछन् ।

जनकपुरधामलाई महानगरपालिका बनाउन माग

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधामलाई महानगरपालिका बनाउन सरकारसंग माग गरिएको छ ।

जनकपुरधाम महानगरपालिका बनाउ अभियान समिति, धनुषाले शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै, सरकारसंग जनकपुरधामलाई महानगरपालिका बनाउन माग गरेको छ । महानगरपालिका हुनका लागि चाहिने हरेक मापदण्ड जनकपुरधाममा विद्यमान रहेको उल्लेख गर्दै यसको ऐतिहासिकता, धार्मिक, सांस्कृतिक महत्व एवम यथेष्ट पूर्वाधारहरु रहेकाले जनकपुरधामलाई महानगरपालिका बनाउन अभियानका अध्यक्ष गुलाब किशोर यादवद्वारा जारी विज्ञप्तिमा उल्लेख रहेको छ ।

अभियानले शनिबार आयोजना गरेको दीपावली तथा छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रममा जनकपुरधामलाई महानगरपालिका बनाउनुपर्ने बारे सहभागीहरुले जोड दिएका थिए ।

विद्यालयमा चोरी

टुडे समाचारदाता

जनकपुरधाम । धनुषास्थित द्वारिका आधारभूत विद्यालय, रघुनाथपुरमा शुक्रबार राति चोरी भएको छ । सबैला नगरपालिका-१२ मा रहेको उक्त विद्यालयबाट कम्प्युटरसहितका सामान चोरी भएको छ ।



विद्यालयबाट चार थान कम्प्युटर सेट, एक थान अलईन वन कम्प्युटर सेट, ३२ इन्चको एक थान एलईडी, एक थान साउण्ड बक्स र दुई थान माइक चोरी भएको विद्यालयका प्रधानाध्यापक रामशंकर यादवले जानकारी दिए ।

उनका अनुसार चोरहरुले ६२ इन्चको स्मार्ट बोर्ड लग्न नसकेपछि पूर्ण रुपमा क्षतिग्रस्त बनाइदिएका छन् । पर्खाल चढेर विद्यालयभित्र प्रवेश गरेका चोरले कम्प्युटर राखेको कक्षाकोठाको ताल्चा काटेर चोरी गरेको प्रधानाध्यापक यादवले जनाए ।

विद्यालयमा प्रत्येक शनिबार सञ्चालन हुने बालविकास कक्षा सञ्चालनका लागि कार्यालय सहयोगी पुगेपछि चोरी भएको घटना सार्वजनिक भएको छ । कार्यालय सहयोगी कुलदीप सदाले प्रधानाध्यापक यादवालाई चोरी भएको जानकारी गराएपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्षसहितका व्यक्तिहरु पुगेर स्थानीय प्रशासनलाई जानकारी गराएका छन् ।

चोरीमा संलग्न व्यक्तिहरुको खोजी गर्न प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

शुभकामना आदानप्रदान र आय व्यय सार्वजनिक

टुडे समाचारदाता

जनकपुरधाम ।महावीर युवा कमिटीले दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान संगै दशैको आय व्यय सार्वजनिक गरेको छ ।

कमिटीले शनिवार पत्रकार सम्मेलनको आयोजना गरी आय व्यय सार्वजनिक गरेको छ । कार्यक्रममा कमिटीका पूर्व अध्यक्ष अरुणकुमार साह, वरिष्ठ पत्रकार राम भरत साह र अध्यक्ष अजयकुमार गुप्ता लगायतले शुभकामना व्यक्त गरेका थिए ।

शुभकामना आदान प्रदान कार्यक्रम
PRESS MEET
Shree Mahabir Yuva Committee
AJAY KUMAR GUPTA
CHANDAN NAGBANSHI
General Secretary

कमिटीले जारी गरेको आय व्ययमा कुल २९ लाख आठ हजार एक सय ८१ रुपैयाँ ५० पैसा आम्दानी गरेको छ भने ३६ लाख ४ हजार ५ सय ९४ रुपैयाँ खर्च रहेको छ । कमिटीका अध्यक्ष गुप्ताले दिएका जानकारी अनुसार विज्ञापनबाट तीन लाख ५१ हजार, सदस्यताबाट एक लाख पचास हजार, सहयोग रसिदबाट तीन लाख ५० हजार ७ सय २५, गोप्य अनुदानबाट एक लाख २५ हजार तीन सय ७५, दान पेटीबाट २५ हजार सात सय २५, रमाईलो मेलाबाट तीन लाख २१ हजार, भोगराग तथा महाप्रसाद बापत ४ लाख ५१ हजार र बोकावलीबाट ११ लाख ३३ हजार तीन सय ५६ रुपैयाँ ५० पैसा गरी कुल २९ लाख आठ हजार एक सय ८१ रुपैयाँ आम्दानी गरेको जनाएको छ ।

त्यस्तै खर्चतर्फ फ्लावर डेकोरेशन (रोहन फ्लावर) लाख चार लाख, भजन संध्या कार्यक्रम (पाँच दिन) चार लाख ६५ हजार ६ सय, साउण्ड एण्ड लाइटलाई चार लाख ३३ हजार ६ सय, रावणबद्ध मिस्त्री एक लाख ३५ हजार, लंका, रावण, कुम्भकरण, मेघनाथ बनाउने सामग्री २ लाख ५१ हजार ७ सय ६९, प्रसाद सामग्री ४ लाख ५१ हजार पाँच सय ७० रहेको छ ।

त्यस्तै प्रसाद (कालरात्रि) ८१ हजार, मन्दिरको इलेक्ट्रीक मिस्त्री खर्च २० हजार, चुनडी/गमछा ४५ हजार, मसलन्द दुई लाख ५४ हजार चार सय ६०, सीसीटीभी क्यामरा र सामग्री २ लाख ४१ हजार पाँच सय, मिस्त्री फिटिङ्ग १५ हजार, टेण्ट (शिवगुरु) दुई लाख ६१ हजार, हाथधुने वेसिन निर्माण मिस्त्री सहित ४० हजार तीन सय ७५, मिथिला पेन्टिङ्ग राजदेवी मन्दिरमा (पेन्ट तथा चिया नास्ता सहित) २० हजार, स्वयंसेवक, सहयोगी एवं कलाकारको भोजन बनाउने मिस्त्री (९ दिन सम्म) ४५ हजार, प्रसाद (भोग राग) बनाउने मिस्त्री २५ हजार, सफाइ कर्मचारीको नास्ता खाना भत्ता एक लाख ८१ हजार, सरसफाइ कार्यक्रम (३ पटक) ८८ हजार, एलइडी (१२/८) भाडा (दशदिनको) एक लाख ४६ हजार, राम मन्दिर पेन्टिङ्गको रंग खरिद ६० हजार एक सय र विविध खर्च ६५ हजार ७ सय २० गरि कुल ३६ लाख चार हजर पाँच सय ९४ रुपैयाँ खर्च विवरण सार्वजनिक गरिएको छ ।

त्यस्तै महाअष्टमी कालराक्त्रि (बोकावली)को आय व्यय समेत महावीर युवा कमिटीले सार्वजनिक गरेको छ । जसमा १५ हजार एक सय ६२ बोकावलीबाट दुई सयको दरले ३० लख ३२ हजार चार सय रुपैयाँ आम्दानी गरिएको छ । यस पटकको दशैमा राजदेवीमा जम्मा १५ हजार दुई सय ५१ बटा बली प्रदान गरिएको थियो । जसमा ८९ वटा विभिन्न संघसंस्थाको रहेको थियो जसको रसिद काटिएको थिएन् ।

नेपाल बडही समाजको पाँचो राष्ट्रिय महाधिवेशन सुरु

नेपाल बडही समाज
५औं राष्ट्रिय महाधिवेशन
उद्घाटन समारोह
स्वागत

टुडे समाचारदाता

राजविराज । नेपाल बडही समाजको पाँचौ राष्ट्रिय महाधिवेशन शनिवारदेखि सुरु भएको छ । दुई दिनसम्म चल्ने अधिवेशनले नयाँ नेतृत्वको चयनसमेत गर्ने छन् ।

सो अवसरमा समाजसेवी सुरेन्द्र शर्माले बडही समुदायको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक पक्ष सबल बनाइ सशक्तीकरणमा सक्रिय हुन सबैलाई आग्रह गरे । कानुन व्यवसायी रामलाल सुतिहारले राजनीतिक दलहरु चुनावका बेला मात्र आफूहरुलाई सम्झिने त्यसपछि बिर्सिने गरेको गुनासो पोखे । बडही समाज सप्तरीका अध्यक्ष धनराज शर्माले बडही समाजको उत्थान र स्वरोजगारको लागि सरकारले कुनै ठोस कार्यक्रम ल्याउन नसकेको बताए ।

नेपाल बडही समाजका केन्द्रीय अध्यक्ष योगेन्द्र शर्माले बडही समुदायको उत्थान र विकासका लागि कार्यक्रम ल्याउन सरकारलाई निरन्तर दबाबको आवश्यकता औंल्याउँदै सबै संगठित भएर अघि बढ्दा मात्र सफलता मिल्ने बताए ।

कार्यक्रममा पत्रकार एवम् प्रेस स्वतन्त्रता सेनानी वैजनाथ झा, समाजकी केन्द्रीय सल्लाहकार मिना ठाकुर, दीपक शर्मा लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा समाजको शाखा कार्यालय भवनका लागि ५ कठ्ठा बहुमूल्य जग्गा निःशुल्क उपलब्ध गराउने समाजसेवी लडुवती शर्मा तथा संस्थाको गतिविधि संचालनका लागि सहयोग गर्ने अन्य २४ गरी २५ जनालाई दोसल्ला तथा कदर पत्रबाट सम्मान गरिएको छ ।

महाधिवेशनको आइतवार हुने बन्द सत्रले आगामी कार्यकालका लागि नयाँ नेतृत्वको चयन गर्ने कार्यक्रम तय रहेको समाजले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८